मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडाको रानी सामुदायिक वनको अवलोकन

हेटौंडा, १२ चैत/हेटौंडा-६ चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वनका पदाधिकारीले अवलोकन गरेका छन् । रुपन्देही जिल्लामा रहेको रुद्रपुर धमिनाताल सामुदायिक वनका पदाधिकारी, जनप्रतिनिधि, कर्मचारी र उपभोक्ताले रानी वनको अवलोकन गरेका हुन् । रानी सामुदायिक वनका कार्यालयसचिव भीमसेन पौडेल र कर्मचारी हरिचन्द्र सापकोटाले सामुदायिक वनले गरेका विभिन्न कार्यको बारेमा जानकारी गराएका थिए । रुद्रपुर धमिनाताल सामुदायिक वनकी अध्यक्ष पार्वती घर्तीमगरको नेतृत्वमा आएको भ्रमणदलमा कन्चन गापाका वडाअध्यक्ष केशरबहादुर खत्री, कार्यपालिका सदस्य सुशिला थापा, सञ्चारकर्मी गोविन्द आचार्य, कार्यसमिति पदाधिकारी, सल्लाहकार, वनका कर्मचारी, उपभोक्ता लगायतको सहभागिता थियो । हालसम्म रानी सामुदायिक वनको ५ सय ७७ वटा भ्रमण टोलीले अवलोकन गरिसकेको समूहले जनाएको छ ।

### मुख्यन्यायाधिवक्ता कार्यालयले मनायो सातौं स्थापना दिवस

# कार्यालयले कानुन निर्माणको प्रक्रियालाई सहज बनाएको छः मुख्यमन्त्री

साझाकुरा संवाददाता




हेटौंडा, १२ चैत/ बागमती प्रदेशको मुख्यन्यायाधिवक्ता कार्यालयले मंगलबार आफ्नो सातौं स्थापना दिवस मनाएको छ ।

मुख्यमन्त्री बहादुरसिंह लामाको प्रमुख आतिथ्यता एवम् मुख्यन्यायाधिवक्ता शुकदेव काफ्लेको सभाध्यक्षता स्थापना दिवस मनाइएको हो । वि.सं. २०७४ चैत्र १२ गते स्थापना भएको कार्यालय मंगलबार बाट ७ वर्ष पूरा गरी ८ औं वर्षमा प्रवेश गरेको छ । स्थापना दिवसकै अवसरमा कार्यालयले चैत्र ११ गते आयोजना गरेको अन्तर उच्चमाध्यमिक विद्यालयस्तरीय हाजिरीजवाफ प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने सहभागीलाई पुरस्कार प्रदान गरिएको थियो ।

प्रतियोगितामा आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका भीमप्रसाद शर्मा र आरोही पाल अधिकारीको समूह प्रथम भएको थियो । प्रथम हुनेले नगद १५ हजार रुपैयाँ सहित प्रमाणपत्र प्राप्त गरेका छन् । त्यस्तै, हेटौंडा क्याम्पसका सुशिला तामाङ र रमा भण्डारीको समूह दोस्रो हुँदा जनज्योति माविका काजल थापा र सचिन बजु तेस्रो हुन सफल रहे । दोस्रो र तेस्रो हुने समूहले क्रमशः नगद १० हजार र सात हजार पाएका छन् ।

उत्कृष्ट कार्यसम्पादन गरेवापत मुख्यन्यायाधिवक्ता कार्यालयका सहायक न्यायाधिवक्ता राजेन्द्रमणि पोखरेललाई नगद पाँच हजार रुपैयाँ सहित सम्मान गरिएको थियो । बामगती प्रदेश सरकार र मातहातमा रहका अन्य मन्त्रालय विभाग कार्यालयलाई विपक्षी बनाई २०८१ साउनसम्म जिम्मेवारी सरेर आएका जम्मा १ सय ५३ थान मुद्दामा फागुन मसान्तसम्ममा थप दायर हुन आएको ८३ थान गरी जम्मा २ सय ३६ थान मुद्दा चालु अवस्थामा रहेको कार्यालयले जनाएको छ ।

जसमध्ये सर्वोच्च अदालतबाट १ सय ५४ थान, उच्च अदालत पाटनमा ४२ थान, उच्च अदालत पाटन हेटौंडा इजलाशमा ८ थान, प्रशसकीय अदालतमा २६ थान, चितवन जिल्ला अदालतमा ५ थान र भक्तपुर जिल्ला अदालतमा १ थान गरी जम्मा २ सय ३६ थान मुद्दाहरु दायर भएका छन् । कार्यालयले हालसम्म करिब ८० प्रतिशतभन्दा बढी सफलता प्राप्त गरेको छ । स्थानीय निकायसँगको समन्वयको अभावमा केही मुद्दा रिट जारी अवस्थामा रहेको कार्यालयले जनाएको छ ।

**"सरकारको सल्लाहकारको रूपमा मुख्यन्यायाधिवक्ता कार्यालय"**

कार्यक्रममा मुख्यमन्त्री लामाले सरकारको सल्लाहकारको रुपमा मुख्यन्यायाधिवक्ता कार्यालयले उल्लेख्य कार्य गरेको बताए । प्रदेश सरकारले बनाएका कानुनलाई सुव्यवस्थित गर्न मुख्यन्यायाधिवक्ता कार्यालयको महत्वपूर्ण भूमिका रहेको उनको भनाई छ । मुख्यमन्त्री लामाले विकास निर्माणको क्रममा आउने कानुनी अड्चनको सामना गर्न समेत कार्यालयले सहयोग पुऱ्याउने जिकिर गरे ।

प्रदेश सरकारलाई आवश्यक कानुन निर्माणको प्रक्रियालाई कार्यालयले सहज बनाएको भन्दै उनले कार्यालयको प्रशंसा गरेका छन् । प्रदेश सरकारको सफलता नै मुख्यन्यायाधिवक्ता कार्यालयको सफलता निर्भर रहने उनको भनाई छ । मुख्यमन्त्री लामाले कार्यालयको बारे सर्वसाधारणमा रहेको गलत बुझाईलाई अन्त्य गर्नुपर्नेमा समेत जोड दिएका छन् ।

कार्यक्रममा बोल्दै आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले संघीयताको प्रभावकारी कार्यान्वयनको लागि मुख्यन्यायाधिवक्ता कार्यालय बलियो हुनुपर्ने बताए । लोकतान्त्रिक मूल्य र मान्यतामा कानुनी राज्य र शासनको ठुलो महत्व रहेको उनको भनाई छ । मन्त्री लामिछानेले सातै प्रदेशका मुख्यन्यायाधिवक्ताको सम्मेलनबाट जारी भएको घोषणापत्र कार्यान्वयन गर्नुपर्नेमा सबै पक्ष जिम्मेवार बन्नुपर्ने समेत जिकिर गरेका छन् ।

कार्यक्रममा मुख्य न्यायाधिवक्ता डा.शुकदेव काफ्लेले अदालतमा प्रदेश सरकारको प्रतिरक्षा गरिरहँदा सरकारका गरेका निर्णयको यथेष्ट आधार र कारण उपलब्ध गराउन समेत आग्रह गरे । नेपालको संविधानको धारा १६० (१) मा महान्यायाधिवक्ता मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने छ भनी परि कल्पना गरिएको छ । संविधानले मुख्य न्यायाधिवक्तालाई प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकारका रुपमा स्वीकार गरेको छ ।

संवैधानिक एवम् कानुनी विषयमा प्रदेश सरकार र प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु पनि मुख्यन्यायाधिवक्ताको संवैधानिक दायित्व हो । मुख्यन्यायाधिवक्ताको नियुक्ति सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेशप्रमुखबाट हुने संवैधानिक व्यवस्था छ । मुख्य न्यायाधिवक्ता कार्यालयको भूमिका संघीयतालाई सशक्त बनाई प्रदेशको कार्यगत स्वतन्त्रता तथा संविधानले निर्दिष्ट गरेबमोजिम प्रादेशिक आन्तरिक आत्मनिर्णयको अधिकारलाई अदालतमा समेत प्रतिरक्षा गर्ने रहेको छ ।

# मनहरी र कैलाशमा प्रावि तहका नवनियुक्त शिक्षकलाई पदस्थापन



साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/ मकवानपुरको कैलाश गाउँपालिकाले प्राथमिक तहमा नवनियुक्त शिक्षकलाई पदस्थापनापत्र हस्तान्तरण गरिएको छ ।

शिक्षा आयोगबाट प्राथमिक तहका स्थायीमा नाम निकालेका शिक्षकलाई योग्यताक्रम र शिक्षकले छनोट गरेको विद्यालयको आधारमा पत्र हस्तान्तरण गरिएको हो । गाउँ शिक्षा समितिका संयोजक एवम् गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले पत्र हस्तान्तरण गर्दै योग्यताक्रम र छनोट गरिएको विद्यालय अनुसार शिक्षकलाई विद्यालयको लागि पदस्थापना गरिएको बताए । किताबको सिकाई मात्रै नभई व्यवहारिक सिकाईतर्फ पनि ध्यान दिन उनले आग्रह गरे ।

चुनौतीसँगै अवसर समेत रहेको छ, विद्यालयमा भर्ना भएका विद्यार्थीलाई अन्तिम परीक्षासम्म कसरी टिकाउने भन्ने कुरा यहाँहरुको शिक्षणमा आधार रहन्छ, अध्यक्ष मुक्तानले भने । शिक्षा, स्वास्थ्य र बजेट कार्यान्वयनका सूचांकले वित्तीय समानीकरण बजेट वृद्धि हुनाले त्यसतर्फ यहाँहरुले ध्यान दिनु जरुरी रहन्छ । अध्यक्ष मोक्तानले भने- 'शिक्षा प्रदानतर्फ ध्यान दिनुस्, गाउँपालिकाले यहाँहरुको अभिभावकत्व निर्वाह गर्छ' । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत अमुल श्रेष्ठले नवनियुक्त शिक्षकलाई स्वागत गर्दै उच्चमनोबलका साथ सेवाप्रवाह गर्न आग्रह गरेका थिए ।

गाउँपालिकाले माग गरेअनुरुप ३७ जना शिक्षकलाई पदस्थापना गरिएको शिक्षा, युवा तथा खेलकुद विकास शाखाप्रमुख समीर जोशीले बताए । शैक्षिक सत्र २०८१ मा गाउँपालिकामा छात्र दुई हजार पाँच सय २८ र छात्रा दुई हजार सात सय ५५ जना विद्यार्थी रहेको जोशीले बताए । गाउँपालिकामा ४७ वटा प्रारम्भिक बालविकास केन्द्र, कक्षा १ देखि ३ सम्मको १२ वटा, कक्षा एकदेखि ५ सम्मको २३ वटा, कक्षा १ देखि ८ सम्मको ४ वटा, कक्षा १ देखि १० सम्मको ५ वटा र कक्षा १ देखि १२ सम्मको एक विद्यालय सञ्चालनमा रहेको प्रमुख जोशीले बताए ।

यस्तै मनहरी गाउँपालिकामा शिक्षक स्वर्णिम अवकास योजनामा सहभागी ६ जना शिक्षकलाई बिदाई र रिक्त दर्बन्दीमा नवनियुक्त १० जना शिक्षकलाई पदस्थापन गरिएको छ । लामो समयदेखि शिक्षणपेशामा आवद्ध रही शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने शिक्षकको योगदानको उच्च कदर गर्दै सम्मान गर्नका लागि कार्यविधि वमोजिम बिदाई गरिएको बताइएको छ ।

५ जना प्राथमिक तहको र १ जना निमावि तहको स्थायी शिक्षकलाई मनहरी गाउँपालिकाले अवकास योजनामा सहभागी गराइ १ लाखदेखि २ लाख ५० हजार रुपैयाँसम्म मौद्रिक प्रोत्साहन, सम्मानपत्र तथा दोसल्ला ओडाएर सम्मान गरेको गाउँपालिका शिक्षा शाखाप्रमुख प्रदीप पराजुलीले जानकारी दिएका छन् । यस्ता कार्यक्रमवाट शिक्षकको मनोवल र पेशाप्रति सम्मान वढेको अवकाश योजनामा सहभागी शिक्षकको भनाइ रहेको छ ।

स्वर्णिम अवकासपछि रिक्त हुने पदमा शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरवाट पदस्थापनाका लागि आएका शिक्षकलाई पदस्थापना कार्यविधिवमोजिम पदस्थापन गरिएको पराजुलीले जानकारी दिए । विद्यालयमा नवप्रवेशी शिक्षकलाइ स्वागत गर्न विद्यालयका प्रधानध्यापकहरु, पशुपतिनाथ मावि ब्यवस्थापन समिति अध्यक्ष माधव गौतम, गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीलगायतको उपस्थिति रहेको थियो ।

# पशुपति मन्दिरमा भुवनेश्वर अतिथि सदनको उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/हेटौंडा उपमहानगरपालिका वडा नं. ४ स्थित पशुपति मन्दिरमा निर्माण गरिएको भुवनेश्वर अतिथिसदनको मंगलबार उद्घाटन गरिएको छ ।

बागमती प्रदेशसभा सदस्य एवम् पूर्वखानेपानी मन्त्री एकालाल श्रेष्ठले मन्दिर परिसरमा रहेको ३ कोठे अतिथिसदनको उद्घाटन गरेका हुन् । २२ लाख २३ हजार लागतमा अतिथिसदन निर्माण गरिएको हो । बागमती प्रदेशको संस्कृति तथा पर्यटन मन्त्रालयबाट प्राप्त २० लाख र भुवेनश्वर मन्दिर सेवा समितिको २ लाख २३ हजार सहयोगमा सदन निर्माण गरिएको हो ।

कार्यक्रममा प्रदेशसभा सदस्य श्रेष्ठले पशुपति मन्दिरमा नयाँ संरचना निर्माण भन्दा पनि भएका संरचनालाई व्यवस्थित ढंगले सञ्चालन गर्नुपर्ने बताएका छन् । बाहिरी जिल्लाबाट आएका दर्शनार्थीको लागि आवास निर्माण गर्ने आफूहरुको लक्ष्य पूरा भएको उनको भनाई छ । पछिल्लो समय मकवानपुरमा धेरै धार्मिक पर्यटकको आगमन बढिरहेको उनले बताए । प्रदेशसभा सदस्य श्रेष्ठले धार्मिक कार्यलाई व्यवस्थित ढंगले सञ्चालन गर्न ठोस कार्ययोजना बनाउन समेत आग्रह गरेका छन् ।

औद्योगिक नगरीको रुपमा चिनिएको हेटौंडालाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा समेत चिनाउन प्रदेश सरकार, स्थानीय तहलगायतमा नागरिक समाज एकजुट हुनुपर्नेमा उनले जोड दिए । भुवनेश्वर सेवा समितिका वरिष्ठ उपाध्यक्ष तेजप्रसाद रुपाखेतीको सभाध्यक्षतामा भएको कार्यक्रममा पर्यटन विकास आयोजना बागमती प्रदेशका कार्यालयप्रमुख रोशन कुमार श्रीवास्तवलगायतको आतिथ्यता रहेको थियो ।

# बागमती प्रदेशसभाको बैठक चैत्र १९ गतेका लागि आव्हान




साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/माघ २६ गते बसेर स्थगित भएको बागमती प्रदेशसभाको बैठक चैत १९ गतेका लागि आव्हान गरिएको छ ।

प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले १९ गते दिउँसो १ बजेका लागि बैठक आव्हान गरेका हुन् । बैठकमा संसदमा संशोधनका लागि प्राप्त ४ विधेयकलाई पारित गर्ने कार्यसूची रहेको सभामुख पाठकले जानकारी दिएका छन् । संसदीय समितिमा विचाराधीन रहेको संशोधन विधेयकका प्रतिवेदन पेश गरी पारित गर्नुपर्ने भएकाले बैठक आव्हान गरिएको उनले बताए ।

यसअघि प्रदेशसभाको गत माघ १८ गतेबाट सुरु भएको हिउँदे अधिवेशन अन्तरगत माघ २३ मा दुई, २४ मा एक र २६ मा दुईवटा बैठक सञ्चालन भएका थिए ।

बैठकमा विषयगत समितिमा रहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान २०७६ लाई संशोधन गर्न बनेको विधेयक, कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, प्रादेशिक व्यापार तथा व्यवसायी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयकको प्रतिवेदन पेश हुने कार्यसूची रहेको प्रदेशसभा सचिवालयले जनाएको छ ।

प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाबाट फिर्ता भई आएको प्रदेश कृषि विकास विधेयक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संशोधनसहित प्रतिवेदन पेश हुने कार्यसूची रहेको छ । संसद बैठक बोलाइएसँगै शिक्षा, स्वास्थ्य तथा कृषि समितिको बैठक चैत १३ र १४ गतेका लागि बोलाइएको छ । उद्योग, पर्यटन तथा वातावरण समितिको बैठक चैत १७ र १८ गते बस्ने तयारी भएको छ । बैठकले संसदमा पेश हुने संशोधन विधेयकको प्रतिवेदनलाई अन्तिम रुप दिने सचिवालयले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# भीमफेदीबाट महानगरको सिकाई

अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने नेपालको पहिलो गाउँपालिका भीमफेदी हो । भीमफेदी गाउँपालिकाको यो कदमले महानगरपालिकालाई पनि आकर्षित गरिरहेको छ । भीमफेदीको प्रयासले सबै पालिकाको ध्यान तानिरहेको छ । श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने प्रक्रिया र यसको अवस्थाबारे सिक्न महानगरसहित ६ पालिका प्रतिनिधि भीमफेदी गाउँपालिका आइपुगेका छन् । असंगठित र अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन के कस्ता चुनौती छन् ? भनने विषयमा भीमफेदी नै जानकार रहेको अवस्था छ । त्यसैले भीमफेदीको अभियानबारे बुझ्न बिभिन्न पालिकाबाट यहाँ आउने क्रम सुरु भएको हो । अनौपचारिक क्षेत्रका श्रमिकका लागि तोकिएको मासिक १० हजार ८२० रुपैयाँ (महंगी भत्ताबाहेक) मा पारिश्रमिकबाट ११ प्रतिशत अर्थात १ हजार १९० रुपैयाँ र भीमफेदी गाउँपालिकाले ९ दशमलव ३७ प्रतिशत अर्थात १ हजार १४ रुपैयाँ गरी २ हजार २०४ रुपैयाँ सामाजिक सुरक्षा कोषमा जम्मा हुने गाउँपालिकाले जनाएको छ ।

अनौपचारिक क्षेत्रका श्रमिकलाई कोषमा आबद्ध गराउने प्रक्रिया काठमाडौं महानगरपालिकादेखि चितवनको भरतपुर महानगरपालिकासम्म ६ वटा पालिकाको जनप्रतिनिधि र कर्मचारीको टोलीले भीमफेदी आएका हुन् । अनौपचारिक क्षेत्रका श्रमिकसँगको सम्पर्क, कोषको बारेमा श्रमिकलाई पहिलोचरणमा गरिने परामर्शदेखि यसको प्रक्रियाका बारेमा काठमाडौं, भरपुरसहित हेटौंडा उपमहानगर, माडी, शंकरापुर, बुढानीलकण्ठ नगरपालिकाबीच सिकाई आदानप्रदान गरिएको भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाले बताएका छन् । संवैधानिक अधिकार सामाजिक सुरक्षा कोषलाई जनताले अनुभूति गर्नेगरी काम गरिएको हो । भीमफेदी गाउँपालिका अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने देशकै पहिलो गाउँपालिका हो । भीमफेदीले २०८०/८१ र ८१/८२ मा दुई वर्षभित्र अनौपचारिक क्षेत्रका १ सय ९७ जना श्रमिकलाई कोषमा आबद्ध गराइसकेको छ । यो क्रममा भीमफेदी गाउँपालिकाले भोग्नु परेको चुनौती र यो गाउँपालिकामा भएका अनौपचारिक र असंगठित क्षेत्रका मजदुरको अनुभव आदानप्रदानको थलो बन्दै गएको छ भीमफेदी । पछिल्लोपटक २६ फागुन २०८१ मा भीमफेदीले ९९ जना श्रमिकलाई कोषमा आबद्ध गराएको थियो । भीमफेदीमा अन्तर स्थानीय तह सिकाई आदानप्रदान गर्ने क्रम सुरु भएको छ । श्रमिकलाई कोषमा आबद्ध गराउने प्रक्रिया, स्रोतको सुनिश्चितता र यसको दीगोपनाको विषयमा भीमफेदी गाउँपालिका जानकार छ । संघीय र प्रदेश सरकारले अनौपचारिक क्षेत्रका श्रमिकलाई कोषमा आबद्ध गराउन स्थानीय तहलाई वित्तीय व्यवस्था गर्नुपर्ने धारणा भीमफेदीको छ । भीमफेदी गाउँपालिकाले आगामी वर्ष महिला स्वयंमसेविकालाई कोषमा आबद्ध गराउने योजना बनाएको छ । सडक बनाउने बजेट कटौती गरेर भएपनि श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराइने प्रतिबद्धता महानगरका जनप्रतिनिधिले गरेको बताइएको छ ।

भीमफेदीले देशमै पहिलोपटक कार्यक्रम कार्यान्वयन गरेर सबै पालिकालाई सन्देश दिएको छ । भीमफेदीले गरेको कामको अनुशरण गर्दै सबै पालिकाले आफ्ना क्षेत्रका श्रमिकलाई कोषमा आबद्ध गराउनुपर्ने हुन्छ । पालिकाहरु पूर्वाधार क्षेत्रमा मात्र नभई सामाजिक क्षेत्रको विकासमा अग्रसर हुनुपर्ने, अनौपचारिक क्षेत्रका श्रमिकहरु ५ दिन काममा गएनन् भने घरमा छाक टुट्ने अवस्थाको अन्त्य गर्न स्थानीय सरकाले प्रभावकारी कार्यक्रम संचालन गर्नु जरुरी छ । श्रमिकलाई कोषमा आबद्ध गराएर सुरक्षित गराउनु पर्ने, कोषबाट प्रदान हुने स्वास्थ्यलगायतका सेवासुविधाका बारेमा श्रमिकलाई हरेक पालिकाले परामर्श गर्नुपर्ने बताइएको छ । सामाजिक सुरक्षा योजनामा आवद्ध भएपछि श्रमिकले औषधिउपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षायोजना, दुर्घटना तथा अशक्तता सुरक्षायोजना, आश्रित परिवार सुरक्षायोजना र वृद्धअवस्था सुरक्षायोजनाबाट सुविधा उपभोग गर्न सक्ने छन् । श्रमिकका दम्पति र कोषमा आवद्ध भएका परिवारका १८ वर्ष मुनिका बालबालिका जस्ता विभिन्न योजनामा सहभागी भई योजनामा उल्लेखित सेवासुविधा हासिल गर्न सकिने अवस्था रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ चैत १४ गते बिहीबार २७ मार्च २०२५ । त्रयोदशी, फागुन शुक्लपक्ष । चिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:२, सूर्यास्त ६:१८ । विश्व रंगमञ्च दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सहयोगीको राम्रो साथ पाइनेछ | तुला | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ |
| वृष | : रोकिएका काम बन्ने योग छ | वृश्चिक | : समय उत्साहवर्द्धक छ |
| मिथुन | : लगानीको अवसर जुट्नेछ | धनु | : आम्दानी बढ्नेछ |
| कर्कट | : यात्रा अघि बढ्न सक्नेछ | मकर | : पितृधन लाभ हुनेछ |
| सिंह | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ | कुम्भ | : नयाँ ज्ञान प्राप्त हुनेछ |
| कन्या | : छिमेकमा असमझदारी बढ्नेछ | मीन | : कृषिमा हानि हुनेछ |

# सकारात्मक सोचबाट समृद्ध समाजको निर्माण



✍ पुष्करराज प्रसाई

आजकाल हाम्रो समाजमा हरेक विषयलाई नकारात्मक रुपले विश्लेषण गर्ने गरिएको पाइन्छ । यस्तो सोचले मुलुकलाई पछाडि धकेल्नेसिवाय केही गर्दैन । त्यसैले यस्तो सोचमा कमी ल्याउने प्रयास गर्नु आजको आवश्यकता हो । यसै आवश्यकतालाई मध्यनजर गर्दै यो आलेख लेखिएको छ । स्ट्यानफोर्ड विश्वविद्यालयको अनुसन्धानका अनुसार हरेक सफलतामा ८८ प्रतिशत सकारात्मक सोच र १२ प्रतिशत शिक्षाले काम गरेको भन्ने ठहर भएको छ । त्यस कारण सकारात्मक सोच महत्वपूर्ण मानिएको हो । सकारात्मक सोचले दिमागलाई आशावादी बनाउँछ, जीवनको उज्ज्वल पक्ष देख्छ । सकारात्मक मानसिकता भएकासँग जहिले पनि अधिक आनन्द, खुशी र स्वस्थता रहेको पाइएको छ । यसले तनावको स्तर कम गर्न मद्दत गर्दछ । सकारात्मक परिणामको आशा गरे त्यसले दिने परिणाम पनि सकारात्मक नै हुन्छ भन्ने तथ्य सत्य साबित हुन थालेको छ ।

अहिले केही मानिसले समाजमा सबै बिग्रिएको, भत्किएको, बेथिति र भ्रष्टाचार बढेको, युवाको भविष्य राम्रो नभएको, युवाहरु सबै विदेश गएर देश रित्तिएको र वृद्धाश्रम हुन थालेको आदि निराशाको भाष्य सृजना गरिरहेको पाइन्छ । वास्तवमा यो भाष्य राम्रो होइन । यस्तो भाष्यबाट समाजमा झनै निराशा फैलिई थप समस्या उत्पन्न गर्दछ अर्थात् ताईको माछा मुक्त हुन खोज्दा अगेनोमा परेको जस्तो मात्र हुन्छ ।

समाजले देशलाई बदल्ने नेतृत्व खोजिरहेको पक्कै हो । पुराना दलहरुले समाजमा सकारात्मक सन्देश दिन नसकेको र नयाँ अन्य दलहरुलाई समाजले विश्वास गरिनहालेको अहिलेको अवस्था हो । नेपाल प्राकृतिक स्रोत र साधनले सम्पन्न मुलुक भए तापनि सक्षम नेतृत्व र व्यवस्थापनको अभावले यो अवस्था आएको हो । यदि देशमा सक्षम राजनीतिक नेतृत्व, रोजगारमूलक शिक्षा, प्रत्येक पालिकाहरुमा कृषि शिक्षा, तालिम, देशव्यापीरुपमा उत्पादनमा आधारित उद्योग सञ्चालन गर्ने हो भने देश समृद्ध हुन सम्भव छ ।

यो सम्भावना हामी सबै युवाशक्तिले देख्न सक्नुपर्दछ र यो सम्भावनालाई कसैले नकार्न सक्तैन पनि । मानव जातिको विकाससँगै आजसम्म हेर्दा सबै देशका मानिस एकठाउँबाट अर्को ठाउँ जाने-आउने, विकासका अनुभव साटासाट गर्ने, देख्ने, हेर्ने, सिक्ने गरेको कारण विश्व यो अवस्थामा आइपुगेको हो । कुनै पनि देशका युवा अन्य देशमा जानै हुँदैन, आफ्नै देशमा मात्र बस्नुपर्दछ भन्ने हो भने देशमा नयाँ प्रविधिको विकास हुन सक्तैन । हामी युवा विदेश जाने हो तर उतै घरजम गरेर नबसी स्वदेश फर्किएर त्यहाँ सिकेको ज्ञान, सीप, प्रविधिलाई आफ्नो देशमा प्रयोग गर्न सक्नु वर्तमान समाजको चाहना र आवश्यकता हो । विदेश जानु गलत होइन, विदेशमा मात्र युवाको भविष्य छ भन्ने सोच्नुचाहिँ गलत हो । अहिले यस्तै गलत भाष्य निर्माण भइरहेको देखिन्छ । आफ्नो थैलीको मुख बलियो बाँध्नु, अरुलाई दोष नलगाउनु भन्ने नेपाली आहान नै छ ।

हामी हाम्रो अर्थतन्त्र बलियो र स्वाधीन बनाएर परनिर्भरताबाट आत्मनिर्भर बन्ने हो । यस सिलसिलामा केही दीर्घकालीन महत्वका महत्वपूर्ण पुर्वाधार आयोजनाहरु निर्माण हुँदै छन्, केही बनिसकेका पनि छन् । सरकारको जिम्मेवारी बाँडफाँड, जवाफदेहिताको सुनिश्चितता, स्रोत व्यवस्थापन, क्षमता विकास र सुशासनका प्रयास तथा बाह्य क्षेत्र सुधार गर्न चालिएका कदम, मूल्य अभिवृद्धि करलगायत समग्र कर प्रणालीमा गरिएका सुधारका प्रयास अनि सोबाट देखिएका सकारात्मक प्रभावबारे हेर्दा केही सुधार गर्न खोजेकै देखिन्छ ।

तर वर्तमान दैनिक जीवनमा जनताले बेहोर्नुपरेका समस्याहरु, भ्रष्टाचार, घुसखोरी, ढिलासुस्ती, महँगी र यातायातको समस्यामा त्यति ध्यान दिन नसकेको देखिन्छ । जति तीव्र गतिमा विकास निर्माण कार्यान्वयन हुनुपर्ने हो त्यसअनुसार गर्न नसकेको मात्र हो । त्यस्ता विकृति, विसंगति हुनुमा छोटो अवधिको लोकतान्त्रिक, सँघीयताको अभ्यासमा रहेको र सो अनुकूलका ऐन, कानुन, नियम निर्माण र प्रादेशिक संरचना तयार गर्न समय लागेर होला भनी आँकलन गर्न सकिन्छ । अझै कति ऐन, कानुन निर्माण हुन बाँकी नै छ । सरकारी आयोजनाका हरेक कार्य गर्न ऐन, कानुनको आवश्यक पर्ने र सो ऐन, कानुन निर्माण गरी बाटो फुकाउने काममा लाग्दा केही समय विलम्ब भएकै हो । तर अहिले समाजमा केही नै नभएकोचाहिँ होइन र भविष्यमा गर्न सकिने उज्याला सम्भावनाका पक्षहरु मेटिइसकेको अवस्था पनि होइन ।

केही गरेर देखाउनकै लागि आवश्यक पर्ने देशभित्रको आन्तरिक राजनीतिक सहमति र दुई छिमेकी देशसँगको सन्तुलित सम्बन्धलाई बलियो बनाउने काम भइरहेको देखिन्छ । यस प्रक्रियामा राष्ट्रियता बेचेर, लम्पसार परेर होइन, पारस्परिक लाभ, सम्मान र सहअस्तित्वका आधारमा अगाडि बढ्ने प्रयासमा गएको देखिएकै छ । हामी हाम्रा छिमेकी परिवर्तन गर्न सक्तैनौँ । असंलग्न पञ्चशीलको सिद्धान्तअन्तर्गत छिमेकीप्रधान कूटनीतिलाई सन्तुलित ढंगले सञ्चालन गर्न सक्नु हाम्रो बुद्धिमानी र बाध्यता हो । यही सम्बन्ध रहेको कारण गाह्रोसाँगुरो परेको बेला चीनले असल छिमेकीपन देखाउँदै आएको र भर्खरै व्यापार पारवहनलगायत विभिन्न सन्धिसम्झौता भइसकेको अवस्था छ ।

केही अघि नेपाल भ्रमणको सम्बोधन भाषणको क्रममा पनि चीन र नेपालबीच कुनै समस्या छैन, बरु मित्रता मात्र छ भनी चीन पक्षबाट आत्मीयता प्रकट भएको थियो । तसर्थ यस्तो विकसित र शक्तिशाली देश चीनले प्रदर्शन गरेको आत्मीयता साँच्चिकै नेपालको लागि एउटा शक्ति र ऊर्जा हामीले प्राप्त गरेकै छौं । अब हामीले यसै शक्ति र ऊर्जालाई प्रयोग गर्दै रेलमार्ग सम्भाव्य अध्ययन र सुरुङमार्ग निर्माण लगायत गरिएका २० वटा सम्झौताहरुको सफल कार्यान्वयन गराउन सक्नुपर्दछ । सफल कार्यान्वयन गराउने क्रममा हामीले सम्बद्ध ऐन, कानुन, नियम निर्माण गरे पनि स्थानीय नागरिक तहबाट विभिन्न झमेला, मुद्दामामिला उठाई बाधा अवरोध गर्ने परिपाटी देखिने गरेको छ, जसले गर्दा लगानीकर्ताहरु हतोत्साही भई अन्य देशतर्फ आकर्षित हुने अवस्था रहेको छ ।

यसले गर्दा विकास निर्माण सुस्त गतिमा गएको मात्र हो । यस्तो अवस्थाको अन्त्य गर्ने कुरामा स्थानीय नागरिकको महत्वपूर्ण भूमिका रहन्छ नै । यसको लागि सबै तह र तप्कामा रहेका हामी सबै देशभक्त नागरिकले मुलुकप्रतिको बफादारिता प्रकट गर्न र कर्तव्य निर्वाह गर्न चुक्नुहुँदैन । हामीले आजसम्म अधिकार मात्र खोज्यौं तर कर्तव्यतर्फ कहिल्यै ध्यान दिन सकेनौं । जबसम्म प्रत्येक नागरिकले आफ्नो मुलुकप्रतिको जिम्मेवारी महसुस गर्दैनौं वा कर्तव्य निर्वाह गर्दैनौं तबसम्म मुलुक विकास हुन सक्तैन । कुनै पनि मुलुकमा समृद्धि आउन कठोर अनुशासन पालन गर्नै पर्दो रहेछ भन्ने तथ्य चिनियाँ विकासबाट प्रस्ट हुन्छ । हामी सबैमा हेक्का रहोस् कि विश्वका हरेक राज्यमा नागरिकका हक र अधिकार मात्र हुँदैनन्, उसबाट राज्य र समुदायले थुप्रै कुराको अपेक्षा पनि गरेको हुन्छ ।

राज्यले संविधानमार्फत जारी गरेका आदेश वा राज्यले कानुनीरुपमा नागरिकबाट अपेक्षा गरिएका व्यवहार र कार्य नै नागरिकका कर्तव्य हुन् । कर्तव्यको सरल अर्थ गर्नै पर्ने कार्य हुन आउँछ । नेपालको संविधानको धारा ४८ मा यससम्बन्धी व्यवस्था गरिएको पाइन्छ । जसअनुसार राष्ट्रप्रति निष्ठावान् हुँदै नेपालको राष्ट्रियता, सार्वभौमिकता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानुनको पालना गर्नु, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु, सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नुपर्नेसमेतका संवैधानिक नागरिक कर्तव्य निर्दिष्ट गरिएको छ । तर दु:खद पक्ष, यी संवैधानिक नागरिक कर्तव्य हामी नागरिक तहबाट पनि पूरा भएको देखिँदैन ।

बरु अरुलाई गाली, आलोचना गर्नमा नै समय खर्चिएका हुन्छौं । यसतर्फ हामी सबैले आत्मसमीक्षा गर्नै पर्छ । निर्वाचनका बेला योग्य, सक्षम उम्मेदवारलाई विजय गराउन सकेका छैनौं । गलत राजनीतिक जालझेलमा फसेर अनुचित मतदान गर्न पुगेका हुन्छौं । त्यसै गरी सार्वजनिक साधन र शक्तिको प्रयोग गरी जनतालाई सेवा, सुरक्षा र सुव्यवस्थाको प्रत्याभूति गर्ने राज्यको स्थायी संयन्त्र प्रशासन स्वच्छ, संयमित र विवेकशील गराउन सकेका छैनौं । जनताको लागि खर्चिएको साधन र प्रयोग भएका शक्तिले जनताको आकांक्षालाई सम्बोधन गरिनुपर्दथ्यो । त्यो राज्य पक्षबाट हुन सकिरहेको छैन ।

व्यवहार र कार्यशैलीलाई नैतिक र व्यवस्थित गराउने पक्ष नै आचरण हो । आचरण नै सार्वजनिक व्यवहारलाई सार्वजनिक इच्छाअनुरुप लैजाने माध्यम हो । राज्यको वैध शक्ति र सार्वजनिक कोषको व्यवस्थापन गर्ने महत्वपूर्ण जिम्मेवारी पाएका कर्मचारीको व्यवहार राज्यको आकांक्षा अनुरुपको हुनुपर्दछ तर अहिले हुन सकिरहेको छैन । अब हामी देशबाट भागेर होइन, देशमा नै बसेर सुधार गर्ने कार्यमा एकमत भयौं भने पक्कै पनि सुधार हुन सक्नेछ ।

प्रत्येक देशभक्त नागरिकले स्वार्थहीन, सदाचार, वस्तुपरकता, जवाफदेहिता, खुलापन, इमानदारी र कुशल नेतृत्व गर्न सकेमा मुलुक केही समयभित्रै कायापलट हुने तथ्य सिंगापुर, मलेसिया, दक्षिण कोरिया मात्रै नभएर नजिकैको भारत र हामीभन्दा सानो देश भुटानले समेत पुष्टि गरेका छन् । नेपालको समृद्धिका लागि अति आवश्यक कुरा भनेको सकारात्मक सोच र कठोर अनुशासन नै हो । हरेक नागरिकले समाजमा सकारात्मक सोच राखेर हामी गर्न सक्छौं भन्ने दृढ विश्वासका साथ विकास निर्माणमा जुटी राष्ट्रिय सम्पत्तिको संरक्षण गर्न सकेमा समाज समृद्धिमा टेवा पुग्ने निश्चित छ । अत: हामी सबैले सकारात्मक सोच राखेर समाजलाई समृद्ध बनाऔं ।

*(साभार: न्यूज अफ नेपाल)*

# ट्रम्प र मस्क : विश्व शासन प्रणालीमा देखिन सक्ने तीन परिदृश्य

✍ रमेश घिमिरे

डोनाल्ड ट्रम्प दोस्रो पटक अमेरिकी राष्ट्रपति निर्वाचित भएसँगै विश्व शासन प्रणालीमा हलचल मच्चिएको छ । उनले संयुक्त राष्ट्रसंघ (यूएन) र स्थापित अन्तर्राष्ट्रिय मान्यताहरूलाई भत्काएर आफ्नो शैलीमा शासन गर्ने संकेत देखाएका छन् ।

अमेरिकी र विश्व शासन प्रणालीको भविष्यबारे तीन वटा सम्भावित परिदृश्य देखिन्छन् । पहिलो, ट्रम्प प्रशासनका कार्यकारी आदेशहरूलाई जनता र न्यायालयबाट प्रतिरोध गरिन्छ र अमेरिकाको पुरानै अवस्था यथावत् रहन्छ । दोस्रो, विश्वमा नयाँ ध्रुवीकरण भई ठूलो शक्ति संघर्ष हुन सक्छ । तेस्रो, शान्तिपूर्ण रूपमा विश्वको शासन प्रणालीमा परिवर्तन आउन सक्छ ।

ट्रम्पले अर्बपति व्यवसायी इलन मस्कलाई डिपार्टमेन्ट अफ गभर्नमेन्ट इफिसेन्सीको प्रमुख बनाएका छन्, जसले अनावश्यक सरकारी कर्मचारी कटौतीको योजना बनाएको छ । कृषि, शिक्षा, उपभोक्ता अधिकार लगायत थुप्रै कार्यालय हटाउने तयारी छ । यसबाट करदाताको वार्षिक ठूलो बचत हुने अपेक्षा गरिएको छ ।

अमेरिकी अन्तर्राष्ट्रिय सहयोग नियोग (यूएसएड) खारेज गरिएको छ । यूएसएडले मुख्यत: सोसियल इन्जिनियरिङमा खर्च गर्दै आएको थियो । गरिब मुलुकमा सामाजिक मूल्यहरू बिथोलेर द्वन्द्व बढाउने काम गरेको भनेर यूएसएडको विगतदेखि नै आलोचना हुँदै आएको थियो । अमेरिकाले विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) बाट हात झिकेको छ । जलवायु परिवर्तन सम्बन्धी कुनै पनि राष्ट्रिय वा अन्तर्राष्ट्रिय खर्च रोकिएको छ । सामाजिक विविधता व्यवस्थापनमा गरिने खर्चहरू कटौती गरिएको छ । ट्रम्प प्रशासनले अवैधानिक आप्रवासीहरूलाई देश निकाला गर्ने कार्यलाई तीव्रता दिएको छ । यसले तत्काल अमेरिकामा सस्तो श्रम बजार खुम्चिनेछ । तर दीर्घकालीन रूपमा सामाजिक सुरक्षाको खर्च घट्नेछ ।

### स्टन्टबाजीमा सीमित हुने सम्भावना

ट्रम्पले जे चाहृयो त्यो गर्न सक्दैनन् किनकि, उनी एउटा प्रजातान्त्रिक मुलुकको निर्वाचित सरकारप्रमुख हुन् । आफूले गरिरहेका कामको विभिन्न तह र तप्काबाट प्रतिरोध हुन्छ, कार्यान्वयन हुँदैन भन्ने पहिल्यै थाहा हुँदाहुँदै हात हाल्ने र होहल्ला मच्चाउने अनि मैले गर्न खोजेको थिएँ, अदालतले दिएन, फलानोले असहयोग गऱ्यो भनेर अरूलाई दोष लगाएर उम्किने मात्र उनको रणनीति हुन सक्छ ।

### नयाँ ध्रुवीकरण र सम्भावित विश्वव्यापी संघर्ष

ट्रम्पको व्यवहार, आक्रामक कूटनीति र अरू देशलाई हेप्ने शैलीका कारण अमेरिका केन्द्रित पुरानो गठबन्धन (अमेरिका, बेलायत, युरोपेली संघ, अष्ट्रेलिया, जापान, दक्षिणकोरिया) खल्बलिन सक्छ । यदि अन्य देशहरू नयाँ गठबन्धन बनाएर अमेरिका केन्द्रित विश्व व्यवस्थाको प्रतिकारमा उत्रे भने विश्वव्यापी संघर्ष निम्तिन सक्छ ।

अमेरिकाभित्रै ट्रम्पको नीतिले आम्दानी गुमाउने सर्वसाधारण आन्दोलन गर्ने सम्भावना नकार्न सकिन्न । त्यो आन्दोलन हिंसात्मक पनि हुन सक्छ । आन्दोलन र विद्रोह गर्न बहुमत चाहिँदैन, लुकेर आक्रमण गर्न थोरै मानिस भए पर्याप्त हुन्छ ।

### विश्व प्रणालीमा परिवर्तनको सम्भावना

ट्रम्प र मस्कको विचारले धनीहरूको शासन प्रणाली स्थापना गर्ने संकेत गर्छ । उनीहरूलाई विश्वास छ कि, सरकारले बढी कर संकलन गरी अनुत्पादक खर्च गर्नुभन्दा कम कर लिनु उचित हुन्छ । ट्रिकल डाउन इफेक्ट प्रभावकारी हुन्छ । उत्पादनशीलता बढाउनका लागि बजार प्रतिस्पर्धालाई स्वतन्त्र छोड्नुपर्छ ।

ट्रम्प प्रशासनले गरेका निर्णयहरू प्राकृतिक देखिन्छन् । सरकारी कार्यालय र कर्मचारीको संख्यालाई आउटपुटसँग तुलना गऱ्यो भने कहीं पनि जस्टिफाई हुँदैन । शिक्षा, स्वास्थ्य, सामाजिक विकास, कृषि, पशुपक्षी लगायत धेरै कार्यालय नभए पनि जनताको जीवनयापनमा कुनै असर पर्दैन । अन्य कार्यालयमा समेत आउटपुटको तुलनामा कर्मचारी अधिक छन् । केही परिणाम दिने कार्यालयले पनि अधिकांश परिणाम नदिने काम गर्दछन् ।

भोका नेता आए भने धेरै खान्छन्, बरु अघाएकाले कम भ्रष्टाचार गर्छन् भन्ने सबैले बुझेका छन् । भोको पेटले सही नेता छान्न पनि सक्दैन । शासन व्यवस्था, दल, नेताबारे बुझ्ने क्षमता नभएका जनताको भोट खरीद-बिक्री हुने मात्र हो ।

गरिबलाई शासनमा ल्याउने व्यवस्था धेरै महँगो हुन्छ । कुनै पनि अप्राकृतिक काम गर्न कठिन हुन्छ । अगाडि बढ्न खोजेका र केही हदसम्म अगाडि बढिसकेकालाई अझ माथि तान्न सजिलो हुन्छ । ट्रिकल डाउन इफेक्टले आम मानिसको गरिबी हरण गर्न मद्दत पुग्ने कुरा एउटा उदाहरणबाट हेर्न सकिन्छ । अर्बौंको मासु निर्यात गर्ने एउटा कम्पनी स्थापना भयो भने किसानको उत्पादकत्व वृद्धि गर्न सरकार भन्दा उसले बढी चासो दिन्छ । ट्रिकल डाउन अप्रोचबाट समेटिन नसकेका थोरै संख्याको समुदायलाई मात्र राज्यले सामाजिक सुरक्षा र संरक्षणको कार्यक्रमबाट माथि उठाए पुग्छ । ठूलो समुदायलाई गरिब र पिछडिएको अवस्थामा राख्ने अनि साधन स्रोत सबै त्यही खन्याएर उनीहरूलाई माथि उठाउँछु भन्नु कहिल्यै सम्भव नहुने आइडिया हो ।

मिहिनेत गर्ने र क्षमता भएकाले कमाउने हो । आफ्नो कमाइमा उनीहरूकै हक लाग्ने व्यवस्थाले मानिसहरूलाई अघि बढ्न प्रोत्साहन मिल्छ । सुन्दा प्रगतिशील कर प्रणाली राम्रो लाग्छ । प्रतिगामी कर प्रणालीबारे विचार गरौं, जहाँ थोरै आम्दानी गर्नेलाई बढी कर लगाइन्छ । यसको दर्शन मानिसहरू अल्छी नहोउन्, बढी आइडिया लगाउन्, बढी कमाउन् र कमाएको नलुकाउन् भन्ने हो ।

प्रतिगामी कर प्रणाली नै लागू गर्न नसकिएला तर प्रगतिशील पनि नगरेर समान कर प्रणाली लागू गर्न सकिन्छ । एउटा थ्रेस होल्डभन्दा माथि आम्दानी गर्नेलाई समान कर लगाउन सकिन्छ । मानौं सबैलाई १५ प्रतिशत कर लगाउने हो भने पनि १ करोड आम्दानी गर्नेभन्दा १० करोड कमाउनेले १० गुणा बढी कर तिर्छ ।

सरकारले कर संकलन गरेर कर्मचारी, नेता र सरकारी बजेटमा खर्च गर्न हो । यदि निजी क्षेत्रबाट कम कर उठाइयो भने त्यो पैसा निजी क्षेत्रले अरू कम्पनी खोल्न खर्च गर्छ । त्यसबाट मानिसहरूको रोजगारी र आम्दानी बढ्छ, गरिबी घट्छ । यदि सरकारको उद्देश्य पनि यही हो भने कर र सरकारी खर्च घटाउनु जायज हो ।

### मस्कको उद्देश्य

इलन मस्क ट्रम्पको चुनावी अभियानका ठूला सहयोगी हुन् । उनले केवल व्यापारिक लाभका लागि ट्रम्पलाई समर्थन गरेका हुन् वा उनी नयाँ विश्व शासन प्रणाली निर्माण गर्ने योजनामा छन् ? मतदाताको स्तरअनुसार पैसा र भ्रमले चुनाव जिताउन सकिने उपयुक्त पात्र ट्रम्प देखिएका कारण यो माध्यम प्रयोग गरेका हुन् ?

कुनै व्यक्तिको उद्देश्य के हो र ऊ त्यसमा सफल हुन्छ कि हुँदैन भन्ने कुरा उनको मनोविज्ञान र क्षमतामा निर्भर हुन्छ । मानिसले जतिसम्म सोच्न सक्छ, त्यतिसम्म मानिसकै क्षमताले प्राप्ति गर्न सक्छ भन्ने एउटा मान्यता छ । केही मानिसमा महत्वाकांक्षा हुन्छ । जस्तै: कसैलाई वन उपभोक्ता समिति वा टोल सुधार समिति जहाँ भए पनि नेतृत्वमा नपुगी जीवन बिताउन कठिन हुन्छ ।

मस्कलाई धन कमाउन मात्र होइन, विश्वको शासन प्रणाली आफ्नो सोच अनुसार अर्डरमा राख्ने इच्छा हुन सक्छ । संसार कब्जा गर्न युद्ध गर्ने, च्यारिटी मार्फत प्रभाव पार्ने, अभियन्ता बन्ने अनेक बाटा हुन्छन् । विश्व प्रणाली कब्जा गर्न सबैलाई शोषण गरेर अत्याचारी बन्नुपर्छ भन्ने छैन । विकास, भ्रातृत्व र आम सन्तुष्टि स्थापना गरेर पनि विश्वको नेतृत्व लिन सकिन्छ । सायद इलन मस्क यही विधिबाट विश्वको नेतृत्व लिन चाहन्छन् ।

### सरकार र समाजको ग्याप

विज्ञान प्रविधिको विकासले समाज धेरै अघि बढ्न खोजिरहेको छ । तर सरकारी संयन्त्र बजारमाथि नियमन कस्न चाहन्छ, जसले गर्दा इनोभेसन निमोठिन्छ । सरकारी कर्मचारी र अधिकारी आफू इनइफिसेन्ट हुन्छन् । वैधानिक शक्ति हातमा भएको कारण अरूलाई नियन्त्रणमा राखेर शासनको मजा लिने चाहना उनीहरूमा हुन्छ । यसले समाजको स्वाभाविक गति र विकासलाई रोक्छ । त्यसैले मस्कले चाहेको सरकार आफैं पनि उद्यमशील बन्नुपर्छ र इनोभेसनलाई वैधानिकता दिने काम मात्र गर्नुपर्छ ।

आफ्नो क्षेत्रमा इथिक्स (नैतिकता) को पालना गरेको, दूरदृष्टि भएको र उच्च कार्यदक्षता भएको जस्ता गुणका कारण कोही व्यक्ति धनाढ्य बन्न सम्भव हुन्छ । व्यक्ति-व्यक्ति बीच सम्पर्क गरेर वा सडक पूर्वाधार निर्माण गरेर सम्बन्ध कायम गर्नेभन्दा माथिल्लो सोचमा छन् मस्क । अन्तरिक्ष प्रविधि, आर्टिफिसियल इन्टेलिजेन्स र डिजिटल कनेक्टिभिटी जस्ता माध्यमबाट सेवा-सुविधा विस्तार र अन्तर्राष्ट्रिय सम्बन्ध कायम गर्ने उनको सोच देखिन्छ ।

अहिलेको विश्व राजनीतिक प्रणाली र यूएन सिस्टमले इलन मस्कले सोचेको स्तरको विश्व र अन्तरिक्ष बनाउन धेरै अवरोध सिर्जना गर्छ । यो ग्याप कम गर्न उनी विश्वभर त्यसै अनुरूपका उद्यमीहरूको सोचलाई नीति निर्माणमा स्थापित गराउन चाहन्छन् । अमेरिकाको प्रभावले विश्वका सरकार निर्माणको पद्धतिमा बदलाव आउन सक्छ ।

### निष्कर्ष

अदालत, संसद्, अमेरिकी समाज, अमेरिकाका राज्य सरकार, अन्तर्राष्ट्रिय शक्तिहरूबाट ट्रम्प प्रशासनलाई चुनौती आउनेछ । तर यदि उनी अटेर गरेर अघि बढे भने अमेरिका मात्र होइन, समग्र विश्वको शासन प्रणालीमा व्यापक परिवर्तन ल्याउन सक्नेछ । यस परिवर्तनको अन्त्यमा विश्व झन् अस्थिर बन्नेछ वा प्रभावशाली धनीहरूबाट प्रभावकारी शासन प्रणाली स्थापित हुनेछ ।

*(साभार: अनलाइनखबर)*

# टीआरसी सिफारिस समितिका पुरानै पात्रलाई थपिँदैछन् नयाँ चुनौती



काठमाडौं/सरकारले सोमबार संक्रमणकालीन न्यायको कामकारबाही अघि बढाउन सिफारिस समिति गठन गर्ने निर्णय लियो । मन्त्रिपरिषद् बैठकले पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको संयोजकत्वको यसअघिकै समितिलाई नयाँ नियुक्ति दिएको हो । उक्त समितिमा राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधि, पूर्वमहान्यायाधिवक्ता खम्मबहादुर खाती, डा. अर्जुनबहादुर कार्की र स्टेला तामाङ सदस्य छन् ।

अघिल्लो पटक मानव अधिकार आयोगले सदस्य मनोज दवाडीलाई समितिमा पठाएको थियो । यसपटक आयोगले पठाउने व्यक्तिको टुंगो छैन । तर सिफारिस समितिका सबै सदस्य अघिल्लै समितिका व्यक्तिहरू भएकाले आयोगले पनि सदस्य दवाडीलाई पठाउने सम्भावना छ । गत कार्तिकमा गठित समितिले कुनैपनि पदाधिकारीहरूको नाम सिफारिस गर्न नसकेको अवस्थामा त्यही समितिले अहिले कसरी पदाधिकारीहरूको नाम टुंग्याउछ भन्ने प्रश्न खडा भएको छ । द्वन्द्वपीडितहरू पनि हिजोदेखि नै दोहोरिएका पुरानै अनुहारले कति प्रभावकारी रुपमा सम्भावित पदाधिकारीहरू छनौट गर्लान् भनी आशंका व्यक्त गर्छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीका संक्रमणकालीन न्यायसम्बन्धी विज्ञ सल्लाहकार अग्नि खरेलका अनुसार, विगतकै समितिका व्यक्तिहरू दोहोरिए पनि यो नयाँ समिति हो । नयाँ समितिले विगतको कामकार बाही समीक्षा गरेर सुरुवातदेखि काम गर्ने भएकाले यसपाली नतिजामुखी काम हुने उनी बताउँछन् ।

'उहाँहरूले हिजो २५ वटा बैठक गर्नुभएको रहेछ भने अब २६ औं बैठक हुँदैन । पहिलो बैठकबाट नै काम सुरु हुने हो,' उनी भन्छन्, 'आवेदकहरूका साथसाथै आयोगले उपयुक्त देखेका व्यक्तिहरूको पनि सूची तयार हुनसक्छ । आशा गरौं, उहाँहरूले यसपटक नतिजामुखी काम गर्नुहुन्छ ।' द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारी समितिमा पुरानै अनुहारहरू दोहोरिएकाले शंका बढेको भन्दै द्वन्द्वपीडितहरूको विश्वास जित्न उनीहरूले सुरुदेखि नै प्रक्रिया अघि बढाउनुपर्ने बताउँछन् ।

'अब उहाँहरूले हिजोको सर्टलिस्टलाई नै अनुमोदन गर्नुभन्दा पनि सुरुवातदेखि नै प्रक्रिया अघि बढाएर द्वन्द्वपीडितहरूको विश्वास जित्नु राम्रो हो,' उनी भन्छन्, 'हिजो आवेदन आह्वान, सूची निर्माण र अन्तर्वार्ताबाट छानिएकाहरूको कुनै आधार सार्वजनिक भएको थिएन । व्यक्ति छनौट गर्नुमात्रै ठूलो कुरा भएन, समितिले विश्वसनीय रुपमा काम गर्नुपर्छ ।'

ऐनमा सिफारिस समितिले योग्य व्यक्तिहरूको सूची तयार गर्ने आधारवारे कुनै व्यवस्था छैन । तर सूची तयार पारेपछि प्रतिक्रियाका लागि त्यसलाई सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । कानुनमा कुनै व्यवस्था नभएकाले समितिले आवेदन आह्वान गरेर त्यसका आधारमा सूची तयार पर्ने गरेको थियो । त्यसक्रममा आवेदकहरूको अन्तर्वार्ता लिने र उनीहरूलाई प्रस्तुती दिन लगाउनेसम्मको काम गरेको थियो ।

संक्रमणकालीन न्याय हेर्ने आयोगको प्रशासनिक नेतृत्व गरिसकेका एक पूर्वसचिव लोकसेवा आयोगको शैलीमा अन्तर्वार्ता र प्रस्तुतिकरण गर्न लगाएर संक्रमणकालीन न्यायजस्तो संवेदनशील विषय टुंग्याउने पदाधिकारी छनौट हुन नसक्ने टिप्पणी गर्छन । उनका अनुसार, राजनीतिक तहमा समेत पहुँच भएको, स्पस्ट अडान राख्नसक्ने र मध्यमार्ग समाधान दिनसक्ने व्यक्ति छनौट हुनुपर्नेमा जागिरे छनौट गर्ने मनोवृत्तिले काम गरेमा सही व्यक्ति छनौट हुन सक्दैन ।

'जो संक्रमणकालीन न्यायको मुद्दा सम्बोधन गर्ने क्षमताका छन्, उनीहरू आवेदन दिएर जागिर खान आउदैनन् । प्रमुख नेताहरूले नै उनीहरूलाई काममा हस्तक्षेप नगर्ने आग्रहसहित आश्वस्त बनाउनुपर्छ,' ती पूर्वसचिव भन्छन्, 'जो आवेदन दिएर पदाधिकारीहरू हुन चाहन्छन्, उनीहरूको सूची हेर्दा संक्रमणकालीन न्यायको मुद्दामा प्रमुख दलका नेताहरूसँग अडान राख्ने र समाधान खोज्ने क्षमताका देखिँदैनन् ।'

तर प्रधानमन्त्रीका सल्लाहकार खरेल यो दृष्टिकोणसँग सहमत छैनन् । उनका अनुसार, सम्भावित व्यक्तिको नाम अरुले पनि सिफारिस गर्न पाउने व्यवस्थाकै कारण उनी, राधेश्याम अधिकारी लगायतको नाम सूचीमा परेको थियो । संक्रमणकालीन न्यायसँग सम्बन्धित विषयमा काम गरेका अधिवक्ता राजुप्रसाद चापागाईं सम्भावित पदाधिकारीहरूको छनौट प्रक्रिया नै ज्यादा संवेदनशील हुने बताउँछन् ।

विगतको कमजोरीबाट सिफारिस समितिले नै पाठ सिक्नुपर्ने भन्दै उनले हिजोकै कार्यविधि पछ्याएर सम्भावित व्यक्तिहरूको सूची तयार गरेमा नतिजा नआउने बताउँछन् । 'मुख्यरुपमा छनौट प्रक्रिया अघि बढेदेखि नै पीडितहरूले अपनत्व लिने गरी समितिले काम गर्नुपर्छ, त्यो नै मुख्य चुनौती हो,' उनी भन्छन्, 'पीडितहरूले राजनीतिक हस्तक्षेप थेग्ने र अडान लिनसक्ने पदाधिकारीहरू चाहेका छन् । त्यस्ता व्यक्ति छनौट हुन नसक्ने हो भने पगरी पाउन लालयित अर्को एक सेट पदाधिकारी थप्न आवश्यक छैन ।'

सत्य निरूपण तथा मेलमिलाप आयोगमा विज्ञको रुपमा छोटो समय काम गरेका एक पूर्व सरकारी वकिलका अनुसार, खासगरी विगतको द्वन्द्वमा संलग्न व्यक्तिले कुनै न कुनै रुपमा उन्मुक्तिको सुनिश्चितता खोजेकाले संक्रमणकालीन न्यायको कामकारवाहीमा विलम्ब भएको भन्दै अब उनीहरूले स्वार्थ त्याग्नुपर्ने बताउँछन् । 'विगतको द्वन्द्वरत पक्षले दुवै आयोगमा भरोसायुक्त आफ्नो मान्छे खोजेका छन् । निष्पक्षरूपमा काम गर्नेहरूलाई छनौट गर्दा भोली कुनै न कुनै दायित्व बोक्नुपर्छ भन्नेमा उनीहरू त्रस्त छन्,' उनी भन्छन्, 'यही आशंकाले पीडितहरू विश्वस्त हुन सकेका छैनन् । द्वन्द्वरत पक्षका आज्ञापालकहरूबाट हामीले न्याय पाउन कठिन छ भन्ने शंकाले उनीहरूमा जरो गाडेको छ । मूलभूत समस्या यही हो ।'

द्वन्द्वपिडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारीको आशंका पनि करिबकरिब त्यस्तै छ । उनका अनुसार, द्वन्द्वपीडितहरूमा कतै दलहरूले यसअघि नै गोप्य रुपमा सहमति गरेर अनुमोदनका लागि मात्रै समिति गठन गरेका त होइनन् भन्ने शंका व्याप्त छ ।

विगतमा सूची तयार गर्दा समेत दलीय भागवण्डा भइसकेको चर्चा द्वन्द्वपीडितहरूमाझ थियो । अधिकारी भन्छन्, 'केही अनुहार आशावादी होलान् । तर कतिपय अनुसारहरू सर्टलिस्टभन्दा बाहिर छन् । प्रक्रिया पुऱ्याएर छनौट हुनुमात्रै ठूलो कुरा भएन । समाधान दिने अनुहार छान्नुपर्छ भन्ने हाम्रो माग हो ।'

मन्त्रिपरिषद्को निर्णयपछि अब सम्बन्धित व्यक्तिहरूलाई चिठी पुगेपछि समिति गठन प्रक्रिया अघि बढ्छ । यसक्रममा मानवअधिकार आयोगले आफ्नो प्रतिनिधि पठाउनु पर्छ । समितिका पदाधिकारीहरूले शपथ लिएर काम सुरु गरेपछि दुई महिनाभित्र सम्भावित पदाधिकारीहरूको नाम टुंग्याउनुपर्छ । सम्भवत: अर्को साताभित्र समितिले पूर्णता पाउने गरी तयारी भइरहेको सल्लाहकार खरेल बताउँछन् ।

१३ भदौ २०८१ मा संघीय संसद्ले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनको संशोधन विधेयक पारित गरेपछि प्रक्रिया अघि बढाउन बाटो खुलेको थियो । २ कार्तिक २०८१ मा सरकारले पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको संयोजकत्वमा सिफारिस समिति गठन गरेको थियो । उक्त समितिले कुनै पदाधिकारीहरूको नाम सिफारिस गर्न सकेन । काम गर्न नसकेपछि १ पुस, २०८१ मा उक्त समितिको पदावधि सकिएको थियो ।

अघिल्लोपटक कुनै व्यक्तिको नाम सिफारिस गर्न नसकेको पूर्वप्रधानन्यायाधीश मिश्र नेतृत्वको समितिले नै यसपटक पनि संक्रमणकालिन न्याय हेर्ने दुई आयोगका पदाधिकारीहरू छनौट गर्ने जिम्मेवारी पाएको छ । उसले अब दुई आयोगमा दुई अध्यक्ष सहित ५/५ जना गरी १० जना पदाधिकारीको नाम सिफारिस गर्नुपर्नेछ ।

अधिवक्ता राजुप्रसाद चापागाईका अनुसार, एक त समितिले सुरुदेखि नै पारदर्शी रुपमा काम गर्नुपर्छ भने सबैको स्वीकार्य हुनेगरी कार्यविधि तयार हुनुपर्छ । विगतमा रोस्टरमा नभएका र संक्रमणकालीन न्यायका मुद्दा सम्बोधन गर्नसक्ने स्वीकार्य अनुहार हरूलाई समेट्नुपर्ने र उनीहरूले द्वन्द्वको कारण पहिल्याउँदै राज्य पुनर्संरचनाका विषयमा समेत सुझाव दिनसक्छन् । त्यत्तिको क्षमता भएको व्यक्ति छनौट हुनुपर्ने उनको सुझाव छ ।

'द्वन्द्वकालीन घटनाको छानबिन गरी मानव अधिकार उल्लंघनमा संलग्नमाथि कारबाहीको सिफारिस गर्ने त आयोगहरूको जिम्मेवारी हो नै,' उनी भन्छन्, 'आयोगहरूले द्वन्द्वका कारणहरू पहिल्याउँदै राजनीतिक प्रणाली एवं राज्यसंयन्त्रको पुनर्संरचनाको विषयमा समेत सुझाव दिनसक्छ । द्वन्द्वका कारक तत्व पहिचान गरेर सुधारका लागि निर्देशन दिनसक्ने क्षमताको अनुहार चयन हुनुपर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# 'जेरी अन टप'को छायांकन प्याकअप, बजेट पुग्यो ६ करोड




काठमाडौं/अभिनेता अनमोल केसीले आफ्नो नयाँ फिल्म 'जेरी अन टप'को छायांकन सकाएका छन् । सोमबार मुस्ताङमा अन्तिम दृश्य खिचेर कलाकारसहितको टिम काठमाडौं फर्किसकेको छ । निर्माता सरोज न्यौपानेले दुई गीतबाहेकको छायांकन ६० दिनमा सकिएको जानकारी दिए । उनका अनुसार दुई गीतमध्ये एउटा भारतको पुडुचेरी र अर्को काठमाडौंमा खिचिनेछ ।

मुस्ताङसहित सगरमाथा बेसक्याम्प र काठमाडौंमा छायांकन गरिएको फिल्मको केही दृश्य काठमाडौंमा झन्डै एक करोडको लागतमा तयार पारिएको सेटमा खिचिएको थियो । निर्माता सरोज न्यौपानेले उत्कृष्ट फिल्म तयार हुनका लागि आवश्यक कुनै पक्षमा सम्झौता नगरिएको बताएका छन् ।

छायांकन नसकिँदै हङकङको एलजी एसोसिएट्सले एमजी (मिनिमम ग्यारेन्टी)मा फिल्मको अस्ट्रेलियाबाहेकको अन्तर्राष्ट्रिय वितरण तथा प्रदर्शन अधिकार खरिद गरिसकेको छ । विदेश प्रदर्शन अधिकारबाट फिल्मको आधा लगानी उठिसकेको निर्माता न्यौपानेले बताए । उनका अनुसार कलाकारको पारिश्रमिकदेखि छायांकनसम्म फिल्मको बजेट लगभग ६ करोड पुगेको छ ।

सुयोग गुरुङको निर्देशनमा तयार भएको यो लभस्टोरी फिल्ममा अनमोलसहित आँचल शर्मा, जसिता गुरुङ, केदार घिमिरे, भुवन केसी, सुरक्षा पन्त, उषा खड्गी लगायतको अभिनय छ । फिल्मको प्रदर्शन मिति भने तय भइसकेको छैन । वितरण कम्पनीसँगको सल्लाहमा केही दिनमै फिल्मको प्रदर्शन मिति सार्वजनिक गरिने निर्माता न्यौपानेले बताए ।

# 'कबड्डी ४'की गौमाया 'अभिमन्यु'मा





काठमाडौं/सर्बकालीन ब्लकबस्टर फिल्म 'पूर्ण बहादुरको सारङ्गी'का निर्माता विनोद पौडेल अब नयाँ फिल्म 'अभिमन्यु' निर्माणको तयारीमा छन् । आगामी भदौ २७ गतेलाई प्रदर्शन मिति घोषणा भइसकेको फिल्मका लागि कलाकार छनोट प्रक्रिया सुरु भएको छ । फिल्ममा पहिलो कलाकारको रुपमा गौमाया गुरुङ भित्रिएकी छन् ।

'कबड्डी ४', 'फूलबारी', 'महाजात्रा' जस्ता फिल्ममा सशक्त भूमिकाका लागि परिचित गौमाया रंगमञ्च पृष्ठभूमिकी हुन् । गत वर्ष बर्लिन फिल्म फेस्टिभल अन्तर्गतको 'बर्लिनाले ट्यालेन्ट'मा समेत छनोट भएकी उनको एफएक्स टीभी र बीबीसीले निर्माण गरेको 'ब्ल्याक नार्सिसस' टेलिशृंखलामा पनि अभिनय छ । उनले गत महिना फिल्म 'महाभोज'को छायांकन सकाएकी थिइन् ।

सुशान्त गौतमको निर्देशनमा बन्न लागेको 'अभिमन्यु'ले पैसाको प्रलोभनमा चक्रव्यूहमा फस्ने र त्यहाँबाट उम्किन खोज्ने पात्रले गर्ने संघर्षको कथा भन्ने जनाइएको छ । यो फिल्म विश्वभर एकसाथ हिन्दी र नेपाली भाषामा रिलिज हुनेछ ।

मुकेश खनालको लेखन रहेको फिल्मको क्रियटिभ निर्देशक मदन थापा हुन् । थापाले यसअघि 'बाटो: रोड टु डेथ' निर्देशन गरेका थिए । शरद महतोको डिओपी रहने फिल्मका निर्माता विनोद पौडेल र गुञ्जन गिरी हुन् । रमेश चौलागाई र हरि श्रेष्ठ सह-निर्मातामा छन् । सेभेन सिज सिनेमाको प्रस्तुति फिल्म बन्नेछ ।

# मानव बेचबिखन रोक्न कडा कानुन : किन्ने वा बेच्नेलाई २० वर्ष कैद र ५ लाख जरिवाना



काठमाडौं/सरकारले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न कानुनी प्रावधान कडा गर्ने भएको छ । यसका लागि प्रचलित ऐन 'मानव बेचबिखन तथा ओसारपसार ऐन २०६४' लाई संशोधन गर्न लागिएको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिशोर साह सुडीले प्रतिनिधि सभामा दर्ता गरेको विधेयकमा मानिस किन्ने वा बेच्नेलाई २० वर्ष कैद र ५ लाख जरिवाना गर्न प्रस्ताव गरिएको छ ।

प्रस्तावित विधेयकको दफा १० मा दण्ड सजायसम्बन्धी व्यवस्था छ । दफा १० को उपदफा १ मा मानिस किन्ने वा बेच्नेलाई २० वर्ष कैद र ५ लाख रुपैयाँ जरिवाना हुने भनिएको हो । हाल कसैले यो कसुर गरेको खण्डमा २० वर्ष कैद र २ लाख रुपैयाँ जरिवाना हुने प्रावधान छ । यसलाई बढाएर जरिवाना रकम ५ लाख पुऱ्याउने प्रस्ताव गरिएको हो ।

कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसुरको मात्राअनुसार १० वर्षदेखि १५ वर्षसम्म कैद र १ लाखदेखि १ लाख ५० हजार रुपैयाँसम्म जरिवाना हुने प्रस्तावित व्यवस्था छ । हाल यो कसुर गर्नेलाई १० वर्षदेखि १५ वर्षसम्म कैद र ५० हजारदेखि १ लाख रुपैयाँसम्म जरिवाना हुने प्रस्तावित व्यवस्था छ । जरिवाना रकम बढाउने गरी सरकारले प्रस्ताव ल्याएको हो ।

प्रचलित कानुन बमोजिम बाहेक मानिसको कुनै अंग झिक्नेलाई १० वर्ष कैद र २ लाखदेखि ५ लाख रुपैयाँसम्म जरिवाना हुने भनिएको छ । वेश्यागमन गर्नेलाई १ महिनादेखि ३ महिनासम्म कैद र २ हजारदेखि ५ हजार रुपैयाँसम्म जरिवाना हुने प्रस्तावित प्रावधान छ । किन्ने, बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई विदेश लैजानेलाई १० वर्षदेखि १५ वर्षसम्म कैद र ५० हजार रुपैयाँदेखि १ लाख रुपैयाँसम्म जरिवाना हुनेछ । किन्ने, बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले बालबालिका विदेश लगे १५ वर्षदेखि २० वर्षसम्म कैद र १ लाख रुपैयाँदेखि २ लाख रुपैयाँसम्म जरिवाना हुनेछ । नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई १० वर्ष कैद र ५० हजारदेखि १ लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

किन्ने, बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले नेपालभित्रै एक ठाउँबाट अर्को ठाउँमा बालबालिका लगे १० वर्षदेखि १२ वर्षसम्म कैद र १ लाख रुपैयाँ जरिवाना हुनेछ । शोषण गर्ने उद्देश्यले नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई १ वर्षदेखि २ वर्षसम्म कैद र विदेश लगेको भए २ वर्षदेखि ५ वर्षसम्म कैद हुने प्रस्तावित व्यवस्था छ ।

मानव बेचबिखन वा ओसारपसारको कसुर गर्न दुरुत्साहन, पडयन्त्र वा उद्योग गर्नेलाई, कसुरको मतियारलाई कसुरदारलाई हुने सजायको आधा सजाय हुने प्रस्तावित व्यवस्था छ । किन्ने वा बेच्ने व्यक्ति र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने व्यक्ति एउटै भएमा त्यस्तो व्यक्तिलाई किने वा बेचे बापत छुट्टाछुट्टै सजाय हुनेछ । कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाए पनि कसुर अनुसार छुट्टाछुट्टै सजाय हुनेछ । किन्ने, बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेश वा नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने व्यक्ति एउटै भएमा पनि छुट्टाछुट्टै सजाय हुनेछ ।

यदि यस्तो कसुर गर्ने व्यक्ति कुनै सार्वजनिक पद धारण गरेको रहेछ भने त्यसलाई कसुर गरेवापत हुने सजायको अतिरिक्त ५० प्रतिशत थप सजाय हुनेछ । कसैले आफ्नो संरक्षणमा वा अभिभावकत्वमा रहेको व्यक्तिले कसुर गरे १० प्रतिशत थप सजाय हुनेछ । प्रस्तावित विधेयकको दफा १५ को उपदफा ५ अनुसार कसैले एकपटक कसुर गरेर पुन: दोहोऱ्याएमा प्रत्येक पटक कसुर गरेवापत हुने सजायको एक चौथाइ थप सजाय हुँदै जानेछ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुडीका अनुसार 'मानव बेचबिखन तथा ओसारप्रसारको संवेदनशिलतालाई ध्यानमा राखेर सजाय तथा जरि वानालाई समयाअनुकूल बनाउन आवश्यक भएकोले' यस्तो व्यवस्था प्रस्ताव गरिएको हो । अदालतले पीडकको सम्पत्तिबाट पीडितलाई क्षतिपूर्ति भराइदिने व्यवस्थासमेत राखिएको विधेयकको व्याख्यात्मक टिप्पणीमा उल्लेख छ ।

पीडितको गोपनीयताको हकलाई सुनिश्चित गर्ने लगायतका प्रावधान पनि प्रस्तावित छन् । पीडितको वास्तविक नाम, तस्वीर वा अन्य विवरण छाप्ने, प्रचार प्रसार गर्ने वा सार्वजनिक रूपमा प्रकट गर्ने व्यक्तिलाई ३ महिनादेखि ६ महिनासम्म कैद वा ५० हजारदेखि १ लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने प्रस्तावित व्यवस्था छ ।


**गलत उजुरी दिए जेल सजाय**

गलत उजुरी दिनेलाई पनि जेल सजाय हुने कानुनी व्यवस्था छ । प्रचलित ऐनको दफा १५ को उपदफा ६ अनुसार उजुर गर्ने व्यक्तिले आफूले एकपटक दिएको बयानविपरीत हुनेगरी मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा कारबाही भोग्नुपर्नेछ ।

अगाडि भनिएको छ, 'पहिले आफूले दिएको बयान वा सूचनाका आधारमा कसैका विरुद्ध कारबाही चलिसकेपछि सोसम्बन्धी तथ्य ढाँटेमा, नियतबस बयान परिवर्तन गरेमा, अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई ३ महिनादेखि १ वर्षसम्म कैद हुनेछ ।' पीडितलाई आघात पर्न नदिनका लागि समेत कतिपय व्यवस्था प्रस्तावित छ । आफूलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको, लगेको, किनेको, बेचेको वा वेश्यावृत्तिमा लगाएको थाहा पाई वा विश्वास गर्नुपर्ने मनासिव आधार भई त्यस्तो व्यक्तिले कुनै स्थानबाट उम्कन वा भाग्न मद्दत खोज्दा कसैले बाधा विरोध गरेमा, रोकेमा, पक्रेमा, जोर जुलुम गरेमा, ज्यान लिन लागेमा त्यस्तो कसुरमा सजाय हुने छैन ।

*(स्रोत: अनलाइनखबर)*

# दयाहाङको 'अञ्जिला' सुपरहिट बन्दा 'राजागंज' बन्यो फ्लप




काठमाडौं/अभिनेता दयाहाङ राईका दुई फिल्म 'अञ्जिला' र 'राजागंज' एक दिनको अन्तरमा प्रदर्शनमा आएका थिए । 'अञ्जिला' फागुन २९ गते र 'राजागंज' चैत १ गतेबाट प्रदर्शन भएको थियो । यी दुई फिल्ममध्ये उनले 'राजागंज'लाई बढी काखी च्यापेका थिए । उनको फेसबुक पोस्टहरू हेर्दा पनि त्यो प्रष्ट हुन्छ । तर, उनलाई व्यापारिक सफलता र अभिनयको प्रशंसा भने 'अञ्जिला'बाट मिलेको छ ।

राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान एन्जिला तुम्बाको सुब्बाको जीवन संघर्षमा आधारित 'अञ्जिला' यस वर्षको सुपरहिट फिल्म बनिसकेको छ । २ करोडमा बनेको फिल्मको सोमबारसम्मको कमाइ ४ करोड ४८ लाख ग्रस छ । यो चलचित्र विकास बोर्डमा देखिएको तथ्यांक हो । केही हलहरूमा बक्स अफिस जडान नभएकाले फिल्मको कमाइ साढे चार करोडमाथि हुनसक्ने देखिन्छ ।

'अञ्जिला'मा दयाहाङ एन्जिलाको सौतेनी बाबुको भूमिकामा छन् । उनको अभिनयलाई दर्शकदेखि समीक्षकसम्मले प्रशंसा गरेका छन् । एकातिर फिल्मको सफलता अनि अर्कोतिर अभिनयको प्रशंसा हुँदा उनलाई 'दुवै हातमा लड्डु' झैं भएको छ । 'अञ्जिला'को सफलता उनका लागि धेरै ठूलो राहत हो । किनकि, उनका अघिल्ला दुई फिल्म 'कार्साङ' र 'दु:खी आत्मा' चल्न सकेका थिएनन् ।

तर, 'अञ्जिला' सफल हुँदै गर्दा दयाहाङले ठूलो अपेक्षा राखेको 'राजागंज' भने यस वर्ष न्यून व्यापार गर्ने फिल्मको सूचीमा दरिएको छ । बोर्डको स्रोतका अनुसार फिल्मको व्यापार २० लाख पनि पुगेको छैन । दर्शक अभावले कति हलमा फिल्म दुई दिन पनि टिक्न सकेन । यद्यपि, फिल्मले उत्कृष्ट समीक्षा पाएको छ । यसअर्थ 'राजागंज' दयाहाङका लागि 'हर्ष न विस्मात' जस्तै भएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडा सिमेन्ट उद्योगको उत्पादन चैत तेस्रो सातादेखि



साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/लामो समयदेखि बन्द रहेको सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगको चैतको तेस्रो सातादेखि पुन: उत्पादन सुरु गर्ने भएको छ ।

उद्योगका मेसिनको मर्मतसम्भार सकिएको, उद्योगका लागि तत्काल चाहिने कच्चापदार्थ सुनिश्चितता र कर्मचारी काम गर्न सहमत भएपछि उत्पादन सुरु गर्ने तयारी भइरहेको हेटौंडा सिमेन्ट उद्योगका निमित्त महाप्रबन्धक इञ्जिनियर नवीनकुमार कर्णले जानकारी दिएका छन् । 'उद्योगको मेसिन पुरानो र बिग्रिसकेकाले त्यसलाई मर्मत सम्भार गर्न केही समय लाग्यो', निमित्त महाप्रबन्धक कर्णले भने, 'स्थापनाकालमा जडान गरिएको मेसिन हो, यसलाई विस्थापित गरेर नयाँ मेसिन जडान गर्नपुर्ने देखिन्छ तर, आर्थिक समस्याका कारण तत्काल त्यो सम्भव नदेखिएपछि मर्मत गराएका छौं ।'

यसबाट तत्काल सिमेन्ट उत्पादन गर्न सकिने उनको भनाइ छ । उनकाअनुसार उद्योग सञ्चालनका लागि आवश्यक कच्चापदार्थ केही मौज्दात रहेको र केही आउने सुनिश्चितता भइसकेको छ । 'अहिले हामीसँग करिब एक सय टन कोइला छ', निमित्त महाप्रबन्धक कर्णले भने, 'अरु कोइला भोलिदेखि आउने भएको छ, त्यसैले कच्चा पदार्थको खासै समस्या हुँदैन ।" कोइलाको पुरानो भुक्तानी हुन नसकेकाले कम्पनीसँग कुराकानी गरी उद्योग सञ्चालन गर्न कोइला पठाउन तयार भएको उनले बताए ।

'उद्योग चलाउन नियमित विद्युत् चाहिन्छ, त्यसका लागि नेपाल विद्युत् प्राधिकरणसँग कुराकानी भएको छ', उनले भने, 'प्राधिकरणले नियमित विद्युत् दिने प्रतिबद्धता जनाएको छ, अब त्यो समस्या नरहला ।' उद्योग व्यवस्थापनले उद्योगको विभिन्न उपकरण मर्मत गर्नुपर्ने भएकाले गत असोज १५ गतेदेखि सिमेन्ट उत्पादन बन्द गरेको थियो । उद्योग बन्द हुँदा कर्मचारीले विगत तीन महिनादेखि तलबभत्ता पाउन सकेका छैनन् ।

दैनिक सात सय ५० टन सिमेन्ट उत्पादन गर्ने क्षमता रहेको भएपनि पुरानो मेसिनरी समस्या र जनशक्ति अभावमा क्षमताअनुसार उद्योगबाट सिमेन्ट उत्पादन हुन सकेको छैन । उद्योगमा हाल एक सय ६६ जना स्थायी, दैनिक ज्यालादारीका एक सय र ५२ जना सुरक्षाकर्मी गरी तीनसय १८ जना जनशक्ति कार्यरत रहेको छन् ।

केही समयअघि मात्र उद्योग सञ्चालनको लागि आर्थिक स्रोत जुटाउन लामो समयदेखि बन्द अवस्थामा रहेको रोपवे बिक्री गरिएको थियो । उद्योगले विगतमा सिमेन्ट बनाउन आवश्यक चुनढुंगा ढुवानीका लागि प्रयोगमा ल्याएको रोपबे बिक्री गरेको हो ।

उद्योग प्रशासनले बाराको लिपनीमालस्थित पिएस एन्ड सन्स इन्टरप्राइजेजलाई भ्याटसहित चार करोड २५ लाख ६ हजार ८० रुपैयाँमा रोपवे बिक्री गरेको जनाएको छ । विसं २०३३ सालमा हेटौंडाको लामसुरेमा स्थापना भएको उद्योगले विसं २०४३ सालदेखि सिमेन्टको ब्यावसायिक उत्पादन सुरु गरेको थियो ।

# मकवानपुर पार्टी प्यालेस अध्यक्षमा अधिकारी सर्वसम्मत

साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/ मकवानपुर पार्टी प्यालेस तथा क्याटरिङ व्यवसायी संघको तेस्रो अधिवेशनले रोयल प्यालेस हेटौंडाका संचालक ध्रुबप्रसाद अधिकारीको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ ।

समितिको उपाध्यक्षमा मदनकुमार पोखरेल, महासचिवमा ज्ञानेन्द्र अधिकारी, कोषाध्यक्षमा देबुप्रसाद चौलागाईं चयन भएका छन् । सदस्यहरुमा पारसमणि थिङ, राजेशकुमार शर्मा, अनिस वाग्ले, रिजन बर्तौला, प्रमोद उप्रेती, सन्दीप ढुंगाना, महेश ठकुरी र विवेक मानन्धर चयन भएका छन् ।

मकवानपुर पार्टी प्यालेस तथा क्याटरिङ व्यवसायी संघका अध्यक्ष दीपक सुबेदीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल राष्ट्रिय पार्टी प्यालेस तथा क्याटरिङ व्यवसायी महासंघका अध्यक्ष तेबिन्द्ररत्न शाक्यको प्रमुख आतिथ्यता थियो । कार्यक्रममा मकवानपुर उध्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाट, महासंघका वरिष्ठ केन्द्रीय उपाध्यक्ष कृष्णप्रसाद पाण्डे, केन्द्रय सदस्य चेतनाथ सापकोटा लगायतको उपस्थिति रहेको थियो ।

## आईपीएल २०२५ :

# हाइ स्कोरिङ खेलमा पञ्जाबले गुजरातलाई हरायो



काठमाडौं, १२ चैत/ पञ्जाब किङ्सले इन्डियन प्रिमियर लिग क्रिकेटमा विजयी सुरुवात गरेको छ । मंगलबार भएको खेलमा पञ्जाबले गुजरातलाई ११ रनले हराएको हो । पन्जाबले दिएको २४४ रनको लक्ष्य पछ्याएको गुजरातले २० ओभरमा ५ विकेट गुमाएर २३२ रन मात्र बनायो । साइ सुदर्शन र जस बट्लरले अर्धशतक बनाएपनि पर्याप्त हुन सकेन ।

एक समय जित सम्भव देखिएको अवस्थामा इम्प्याक्ट शबको रूपमा आएका पञ्जाबका विजयकुमार वाइसाकले शानदार स्पेल गर्दै टिमलाई खेलमा फर्काएका थिए । साइ सुदर्शनले ७४ रन बनाए । त्यस्तै बट्लरले ५४ रन बनाउँदा शेरफान रदरफोर्डले ४६ रन बनाए । कप्तान शुभमन गिलले ३३ रन बनाए ।

पञ्जाबका लागि अर्शदीप सिंहले २ विकेट लिँदा ग्लेन म्याक्सवेल, मार्को यानसेनले १-१ विकेट लिए । त्यसअघि नरेन्द्र मोदी रंगशालामा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको पन्जाबले २० ओभरमा ५ विकेट गुमाएर २४३ रन बनाएको थियो ।

पन्जाबका लागि कप्तान श्रेयस अय्यरले ९७ रनको अविजित पारी खेले । उनले ९ छक्का र ५ चौका प्रहार गरे । शशांक सिंह ४४ रनमा अविजित रहे । ओपनर प्रियांश आर्याले ४७ रनको पारी खेले । गुजरातका लागि आर साइ किशोरले ३ विकेट लिए भने राशिद खान र कगिसो रबाडाले १-१ विकेट लिए ।

# हेटौंडा स्कूल अफ म्यानेजमेन्टका विद्यार्थीलाई १० लाख बीउ पुँजी




साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/ हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्टले स्नातक तह अध्ययनरत विद्यार्थीलाई व्यवसाय सञ्चालनका लागि बीउ पुंजी हस्तान्तरण गरेको छ । मंगलबार एक कार्यक्रमका बीच उद्यम तथा व्यवसायको प्रवर्द्धन गर्ने कम्पनिको रुपमा सञ्चालित द एड मेकर्सलाई कुल १० लाख रुपैयाँ बीउ पुँजी मध्ये दोस्रो किस्ता वापत ४ लाख रुपैयाँ बीउ पुँजी हस्तान्तरण गरेको हो ।

म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशीले द एड मेकर्सका सञ्चालक वाणिज्य संकायमा स्नातक तह तृतीय वर्षमा अध्ययनरत विद्यार्थी सक्षम ज्ञवालीलाई ४ लाख रुपैयाँ हस्तान्तरण गर्नुभएको हो । यसअघि पनि ज्ञवालीलाई म्यानेजमेन्टले बीउ पुँजी हस्तान्तरण गरेको थियो । एक वर्षअघि एक लाख ५० हजार रुपैयाँ बीउ पुँजी हस्तान्तरण गरेको म्यानेजमेन्टले २ महिनापछि थप ४ लाख ५० हजार रुपैयाँ हस्तान्तरण गर्नेछ ।

विश्वविद्यालय अनुदान आयोग (युजीसी) मार्फत प्राप्त बीउ पुँजी विद्यार्थीलाई हस्तान्तरण गरिएको प्रिन्सीपल पुरनबहादुर जोशीले जानकारी दिएको छ । विद्यार्थीलाई उद्यमशीलता र नवप्रवर्तनमा प्रेरित गर्न म्यानेजमेन्टले ओपन इनोभेसन हव नै स्थापना गरेर सञ्चालन गरिरहेको छ । पहिलो किस्ता वापतको एक लाख ५० हजार रुपैयाँ ज्ञवालीले फिर्ता गरि सकेको छन् ।

उद्यम तथा व्यवसायको विज्ञापन निर्माणको काम गर्ने द एड मेकरले १ सय भन्दा बढी सेवाग्राहीलाई सेवा गरिसकेको र अहिले पनि २० वटा नियमित सेवाग्राही रहेको ज्ञवाली बताउँछन् । ज्ञवालीले अब प्राप्त हुने रकम लगानी गर्ने क्षेत्रका बारेमा पनि बताए । हालसम्म १२ लाख ७६ हजार रुपैयाँ लगानी भइसकेको कम्पनिका लागि प्राप्त बीउ पुँजीले व्यवसाय विस्तार गर्न, कम्पनिको कार्यालय व्यवस्थापनमा पनि सहयोग पुग्ने ज्ञवालीको भनाइ छ ।

हेटौंडा स्कूल अफ म्यानेजमेन्टको रणनीति तथा नवप्रवर्तन विभागका प्रमुख दिपेश खनालले सक्षम जस्तै अरु पनि विद्यार्थीहरु व्यवसाय, उद्यममा क्रियाशील रहेको जानकारी दिए। म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशीले महत्वाकांक्षी परियोजनाको रुपमा विद्यार्थीलाई उद्यमशीलता र नवप्रवर्तनमा जोडी बीउ पुँजी दिने काम गरिएको बताए । विश्वविद्यालय अनुदान आयोगले निजी शैक्षिक संस्थामार्फत बीउ पुँजी दिने व्यवस्था नहुँदा पनि आफूहरुले माग गरेर विद्यार्थीलाई वितरणको व्यवस्था मिलाएको बताए । विश्वविद्यालय अनुदान आयोगले विद्यार्थीलाई बीउ पुँजी वितरण गर्न म्यानेजमेन्टलाई पहिलो किस्तावापत १७ लाख १० हजार रुपैयाँ दिएको छ ।

# कुलमानलाई हटाइएको विरोधमा हेटौंडामा वाइसिएलको विरोध प्रदर्शन

साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट कुलमान घिसिङलाई हटाउने सरकारको निर्णयको नेकपा माओवादी केन्द्रको भातृ सगठन वाइसिएल मकवानपुरले विरोध जनाएको छ ।

हेटौंडाको सीमाचोकमा टुकी बालेर साकेतिक विरोध जनाइएको हो । सीमाचोकबाट निस्किएको बिरोधर्‍याली बुद्धचोक, पिपलबोट हुँदै मकवानपुर उद्योग वाणिज्य संघ अगाडि पुगी पुन: कान्तिलोकपथ, स्कुलरोडलगायत बजारका मुख्यचोक परिक्रमा गर्दै पुन: बुद्धचोकमा आएर कोणसभामा परिणत भएको थियो । कुलमानलाई हटाईको बिरोधमा वाइसिएल मकवानपुरले उर्जामन्त्री दीपक खड्काको राजिनामा समेत मागेको छ ।




र्‍यालीमा वाइसिएल मकवानपुरका अध्यक्ष लवराज ठकुरी, नेकपा माओवादी केन्द्रका जिल्ला अध्यक्ष भीम पाख्रिन, लगायत भिभिन्न जनवर्गीय सगठनको सहितका नेता कार्यकार्ताको सहभागिता रहेको थियो । कोणसभामा सहभागीले घिसिङलाई पदबाट हटाएर सरकारको सुशासनको धज्जी उडाएको आरोप लगाएका थिए । यसैबीच खोपेगल्लीमा उर्जामन्त्रीको पुत्ला जलाउने क्रममा प्रहरीले रोक्न खोज्दा एकजना प्रहरी सामान्य घाइते भएका छन् ।

# इन्टरनेट बजार हिस्सा ४० प्रतिशत पुर्‍याउने वर्ल्डलिंकको घोषणा



काठमाडौं, १२ चैत/ नेपालकै सबैभन्दा ठूलो 'इन्टरनेट सर्भिस प्रोभाइडर' (आईएसपी) वर्ल्डलिंकले बजार हिस्सा बढाएर ४० प्रतिशत पुर्‍याउने लक्ष्य घोषणा गरेको छ । पछिल्लो आठ वर्षदेखि वर्ल्डलिंकले मुलुकको कुल इन्टरनेट प्रयोगकर्ताको ३३ प्रतिशत हिस्सा ओगट्दै आएको छ । यो भनेको आईएसपीहरूले उपलब्ध गराउने फिक्स्ड ब्रोडब्यान्ड इन्टरनेट प्रयोगकर्ताको संख्या हो । हाल नेपालमा १ सयभन्दा बढी आईएसपी सञ्चालनमा छन् ।

तारबाट इन्टरनेट उपलब्ध गराउने कम्पनीको पहिलो स्थानमा रहेको वर्ल्डलिंक र ऊपछिको दोस्रो स्थानमा रहेको कम्पनीबीच धेरै ठूलो अन्तर छ । दोस्रो स्थानमा रहेको आईएसपीले ८ प्रतिशत हाराहारी बजार हिस्सा ओगटेको छ । वर्ल्डलिंकले केही दिनअघि इन्टरनेट ग्राहक संख्या १० लाख पुगेको र यसले कम्पनीप्रति ग्राहकको विश्वास झन् बलियो बनेको पुष्टि भएको जनाएको छ ।

'१० लाख ग्राहक हुनु भनेको एउटा सुखद र गौरव गर्ने विषय हो,' वर्ल्डलिंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) केशव नेपालले संचारकर्मीसँग भने, 'यो नेपालको इन्टरनेट क्षेत्रमा नै एउटा कोशेढुंगा हो । हामी अब बिस्तारै बजार हिस्सा बढाएर ४० प्रतिशत पुऱ्याउने लक्ष्य लिएर अगाडि बढेका छौं ।'

उनका अनुसार विद्यमान् ३३ प्रतिशतको बजार हिस्सा बढाएर ४० पुऱ्याउने लक्ष्य भेट्न वर्ल्डलिंकका ५ हजार कर्मचारी लागिपरेका छन् । हाल फिक्स्ड ब्रोडब्यान्डका ग्राहक ३० देखि ३५ लाख रहेको नेपालले बताए । यसको ३३ प्रतिशत हिस्सा वर्ल्डलिंकको भागमा छ । वार्षिक १२ अर्ब रुपैयाँ बराबर कारोबार गर्ने वर्ल्डलिंकले विद्यमान् बजार हिस्सा त्यति सहजै हात पारेको भने होइन । यसका लागि कम्पनीले २९ वर्ष लामो संघर्ष र मिहिनेत गरेको छ ।

'हामी अहिले स्थापनाको २९ वर्षमा छौं तर हामीलाई १ लाख ग्राहक बनाउन २१ वर्ष लागेको थियो,' सीईओ नेपाल भन्छन्, 'तर, बाँकी ९ लाख ग्राहक हामीले पछिल्लो आठ वर्ष अर्थात् सन् २०१७ यता प्राप्त गरेका हौं ।' वर्ल्डलिंकलाई एक नम्बरको आईएसपीमा टिकिरहन चुनौतीपूर्ण रहेको सीईओ नेपाल बताउँछन् । बजार प्रतिस्पर्धालाई उनी सहज तर चुनौतीले भरिपूर्ण भन्न रुचाउँछन् ।

'हामीभन्दा पनि एकदमै मिहिनेती र ग्राहकको भावना बुझ्ने कम्पनी आयो भने बजार हिस्सा खोस्न सक्छ, यसलाई हामीले अन्यथा लिँदैनौं,' उनले भने, 'जसले बढी मिहिने गर्छ, उसले बजार लिन्छ । यो सेवा उद्योग भएकाले स्थापित हुन पनि गाह्रो छ र टिक्न पनि त्यत्तिकै गाह्रो छ ।'

उनका अनुसार पछिल्लो तीन-चार वर्षदेखि वर्ल्डलिंकको बजार हिस्सा ३३ प्रतिशतमा अडेको छ । दोस्रो स्थानमा रहेको कम्पनीको दाँजोमा यो चार गुणा बढी भए पनि यसमा टिक्दै ४० प्रतिशत पुऱ्याउने लक्ष्य लिइएको हो ।

हाल वर्ल्डलिंकले वार्षिक डेढ लाख हाराहारी ग्राहक थप्दै गएको छ । यो भनेको मासिक औसत १२ हजारभन्दा बढी हुन्छ । यही संख्यालाई निरन्तरता दिने गरी कम्पनीले गुणस्तरीय सेवालाई पहिलो प्राथमिकता दिने गरेको सीईओ नेपाल बताउँछन् ।

वर्ल्डलिंकले ग्राहक सेवाका लागि बिहान ७ देखि राति ७ बजेसम्म कर्मचारी खटाउने गरेको छ । राति ७ बजेभन्दा पछि भने प्राविधिक कारण कर्मचारीलाई फिल्डमा खटाउन नसकिएको उनले बताए । 'अधिकांश इन्टरनेट सम्बन्धी समस्या सडकमा रहेका खम्बा (पोल) मा हुने गर्छ,' सीईओ नेपालले भने, 'राति खम्बामा चढेर मर्मत गर्दा हाम्रा प्राविधिक कर्मचारीलाई करेन्ट लाग्न सक्ने वा कुनै दुर्घटना हुन सक्ने सम्भावना रहन्छ ।'

### ७५ जिल्ला पुग्यो वर्ल्डलिंक

वर्ल्डलिंकले आफ्नो सेवा हाल ७५ जिल्लामा पुऱ्याइसकेको छ । अब मनाङ र मुस्ताङमा मात्र इन्टरनेट पुऱ्याउन बाँकी छ । गत वर्ष नै पहाडका १५ जिल्लामा इन्टरनेट पुऱ्याएको थियो ।

### "वर्ल्डलिंकको शुल्क महँगो होइन"

वर्ल्डलिंकको इन्टरनेट शुल्क महँगो नभएको सीईओ नेपालको दाबी छ । 'हाम्रो शुल्क महँगो होइन,' उनी भन्छन्, 'हामीले प्रतिग्राहक प्रतिमहिना औसत १ हजार रुपैयाँ आम्दानी गर्छौं । महिनाको १ हजार रुपैयाँलाई महँगो मान्ने कि नमान्ने भन्ने कुरा हो ।'

उनका अनुसार १ हजार रुपैयाँ औसत शुल्क भनेको परिवारका सबैको भागमा हिसाब हुन्छ । चार जनाको परिवार छ भने एउटाको भागमा साढे २ सय रुपैयाँ पर्छ । त्यही भएर यति शुल्कलाई महँगो होइन भन्ने हाम्रो बुझाइ हो । 'अहिले त मोबाइलबाट भ्वाइस कल गर्ने एकदमै कम हुन्छन्,' नेपालले भने, 'इन्टरनेट भएपछि परिवारका सदस्यले ह्वाट्स एप, फेसबुक मेसेन्जर, भाइबर लगायतमा कल गरेर कुराकानी गर्छन् ।'

### वर्ल्डलिंकमा फिन फन्डले गऱ्यो करिब डेढ अर्ब लगानी

वर्ल्डलिंकमा पछिल्लो पटक वैदेशिक विकास कोषहरूले पनि लगानी गरिरहेका छन् । हालै फिनल्यानडको 'फिन फन्ड' ले वर्ल्डलिंकमा १ करोड युरो अर्थात् १ अर्ब ४८ करोड रुपैयाँ बराबर लगानी गरेको छ । यसखालको विदेशी लगानी प्राप्त गर्न धेरै नै गाह्रो हुने सीईओ नेपालले बताए । कम्पनीको सुशासन, साखदेखि कर चुक्तासम्मको सम्पूर्ण अध्ययन गरेपछि मात्र विदेशी लगानी आउन सक्ने उनको भनाइ छ । 'विदेशीले लगानी गरेपछि कुनै पनि कम्पनीको साख रहेछ भन्ने पुष्टि हुन्छ,' उनले भने, 'स्थानीय बैंकहरूले पनि ऋण पत्याउँछन् । हाल थपिएको विदेशी लगानीलाई कम्पनीको विस्तार र विकासमा उपयोग गर्छौं ।'

*(स्रोत: अनलाइनखबर)*


## माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्धारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै
सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट :**

☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
☞ नयाँ मोडलको गाडीहरु ।
☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
☞ दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२


## श्री मालपोत कार्यालय मकवानपुरबाट मितिः २०८१/१२/११ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

***निवेदक-*** *सिता मालवुले समेत-३ जना (बुहारीहरु)* ***जग्गावाला-****सेते मालवुले सार्की (ससुरा)*

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ६ का निम्नानुसारका जग्गा हाम्रो ससुरा सेते मालवुले सार्कीको नाममा नाप नक्सा भई दर्ता गर्न छुट भएकोमा निज हाम्रो ससुरा सेते मालवुलेको मिति २०४६/०२/०८ मा मृत्यु भएको र निजको एक मात्र पनि चमेली मालबुलेको पनि मिति २०२९/०३/१९ मृत्यु भएको र निज सेते मालवुले र निजको पत्निबाट जाय जन्म भएका चार जना छोराहरु जेठो रमेश मालबुले-१, माहिलो शंखरे मालबुले-१, साईलो वीरबल मालवुले-१ र कान्छो गणेश मालवुले-१ भएको र २ जना छोरीहरु भएकोमा दुवै जना विवहा गरी पर घर गईसकेकोमा जेठो छोरा रमेश मालवुलेको पनि मिति २०७८/०२/१८ मा मृत्यु भईसकेको र निजको हकखाने एक मात्र पत्नि सिता मालबुले भएको, त्यस्तै माहिलो छोरा शंखरे मालवुले पनि मिति २०७५/०३/०४ मा अविवाहित अवस्थामा मृत्यु भईसकेको, साईलो छोरा विरबल मालबुलेको पनि मिति २०७२/०६/१२ मा मृत्यु भएको र निजको हकखाने एक मात्र पत्नि रमा मालबुले भएको तथा कान्छो छोरा गणेश मालबुलेको पनि मिति २०८१/०८/०४ मा मृत्यु भईसकेको र निजको पनि हकखाने एक मात्र पत्नि विवा मंग्राति भएकोमा अब उपरान्त जग्गावाला सेते मालवुले सार्कीको हकखाने हकदारहरुमा बुहारीहरु जेठी सिता मालबुले-१, साईंली रमा मालवुले-१ र कान्छी विवा मंग्राती-१ गरी जम्मा तिन जना हकदारहरु मात्र भएकोले हाम्रो नाममा संयुक्त छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनि हेटौंडा उपमहानगरपालिका १८ नम्बर वडा कार्यालयको च.नं. २३१० मिति २०८१/१०/११ को छुट जग्गा दर्ता तथा हकदार सम्बन्धी हकभोग खुलेको सिफारिस पत्र, नाता प्रमाणित प्रमाणपत्र, वडा सर्जमिन मुचुल्का, साविक लगत, फिल्डबुक उतार, नक्सा तथा मृत्यु दर्ता, मृत्यु प्रमाणित समेत संलग्न राखी यस कार्यालयमा द.नं. ३७ मिति २०८०/१२/२६ मा माग दावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: तल उल्लेखित तपशिलका जग्गा निवेदकहरुको नाममा छुट जग्गा दर्ता, नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकहरुको नाममा दर्ता, नामसारी गर्न नमिल्ने भएमा वा निवेदकहरुका माग दावी सत्य नभई झुठा भए वा निवेदकहरु भन्दा बाहेक अन्य कोही हक्दारहरु भए वा निवेदकहरु बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू- संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/निवेदक | |
| १ | सेते मालभुले सार्की गा.पं. हटिया वडा नं.-६ बाबु- बुद्धिमान बाजे- ..... | हटिया | ६ | ४२१ | ०-१२-९.५ | सिता मालबुले समेत-३ जना | जिल्ला मकवानपुर खेश्राहा, मौजे-बडुकुले, रै.नं. ३९ को जग्गाधनी सेते मालबुले सार्की |

*ईति संवत २०८१ साल चैत्र महिनाको ११ गते रोज २ शुभम्..................।*

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना